# मैले बुझेको—

# बुद्ध-धर्म



लेखक

भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## ( नेपाली भाषा )

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उखानको कथा संग्रह
(१३) तथागत हृदय
(१४) महास्वप्न जातक
(१५) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१६) मिलिन्द प्रश्न
(१७) श्रमण नारद
(१८) बेस्सन्तर जातक
(१९) सतिपट्ठान भावना
(२०) बौद्ध विश्वास भाग–१, २
(२२) बौद्ध दर्पण
(२३) सप्तरत्न धन
(२४) सफलताको रहस्य
(२५) मानव महामानव
(२६) निरोगी
(२७) जातक कथा
(२८) सतिपट्ठान विपस्सना
(२९) प्रज्ञा चक्षु
(३०) परित्राण
(३१) पूजाविधि र कथा संग्रह
(३२) मैले बुझेको बुद्ध–धर्म

## Dharmakirti Publication—

### ( English )

1. Buddhist Economies & The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

Downloaded from http://www.dhamma.digital

मैले बुझेको—

# बुद्ध-धर्म

लेखक

**भिक्षु अश्वघोष**

आनन्दकुटी, स्वयम्भू

Downloaded from http://www.dhamma.digital

प्रकाशक–

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार

श्रीघः, काठमाडौं

बु. सं. २५३३

ने. सं. ११०९

ई. सं. १९८९

वि. सं. ०४६

प्रथम संस्करण – १५००

मुद्रक–

**नेपाल प्रेस**

शुक्रपथ, काठमाडौं ।

फोन – २२ १० ३२

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

आमा बाबुको स्मृतिमा

# समर्पण

दिवंगत पिता चन्द्रज्योति शाक्य र

माता लक्ष्मीमाया शाक्यको

पुण्य-स्मृतिमा हार्दिक

अर्पण र धर्मदान

गर्दछु ।

— भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

यो बुद्ध धर्म नामक पुस्तक धर्मकीर्ति विहारको १३८ औं ग्रन्थमालाको रूपमा तपाईंहरू समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई अति गर्व लागेको छ ।

प्रस्तुत पुस्तक दिवंगत आमा लक्ष्मीमाया र बुबा चन्द्रज्योति शाक्यहरूको पुण्य-स्मृतिमा श्रद्धेय भिक्षु अश्वघोष भन्तेले आफैंले लेखेर प्रकाशनार्थ पनि आफैंले खर्च बेहोर्नु भएको हो । प्रकाशकको नाउँ मात्र धर्मकीर्ति हो । अतः वहाँलाई धर्मकीर्ति विहारको तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

धम्मवती

अध्यक्ष-धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

कतिपुन्ही

२८ आश्वीन २०४६

Downloaded from http://www.dhamma.digital

# आफ्नो कुरो

२०२८ सालमा बौद्ध अभियान कार्यक्रमको क्रममा पश्चिम १ नं. नुवाकोट जिल्ला त्रिशूली, सगरमाथा अञ्चल पूर्व ४ नं. भोजपुर तथा कोशी अञ्चल पूर्व ६ नं. चैनपुर र २०४२, ४३ सालमा धरानमा भ्रमण गरेको थिएँ। जहाँ जहाँ म गएँ त्यहाँ त्यहाँ मेरो ज्ञान अनुसार बुद्ध र बुद्ध धर्म बारे प्रवचन दिएँ। युवक युवतीहरूले बौद्ध धर्मको बारेमा धेरै रूचिराखेको देख्न पाउँदा मलाई धेरै खुशी लाग्यो। झन खुशीको कुरो त यो छ कि 'व्यवहारिक पक्षपाती धर्मको प्रचार जरूरी छ र त्यस्तै किसिमको बुद्धवाद हामीलाई चाहिएको छ' भन्ने कुराको विचार धेरैले प्रकट गरे।

बुद्ध धर्म प्रचारार्थ राष्ट्र भाषा नेपालीमा बुद्धवाद सम्बन्धी पुस्तक छाप्न अत्यन्त आवश्यक देखिएको छ। अन्यथा बुद्ध धर्म काठमाडौं उपत्यकाभित्र र नेवार जातिको बीचमा मात्र सीमित हुन जान्छ। बौद्ध केवल शाक्य, तुलाधर, ताम्राकार, मानन्धर र केही श्रेष्ठ तथा ज्यापूहरू मात्र नभई तामाङ, शेर्पा, गुरुङ, थकाली, थारू आदि पनि बौद्ध हुन्। साथै अबौद्धमार्गीहरू पनि बुद्ध धर्म सम्बन्धी साधारण ज्ञान हासिल गर्न सकुन् भन्ने उद्देश्यले नै नेपालीमा प्रस्तुत पुस्तक लेख्ने प्रयास गरेको हुँ। यसमा विशेष प्रेरणा त्रिशूली, धरान र चैनपुरका युवकहरूबाट पनि पाएको छु।

Downloaded from http://www.dhamma.digital

मैले त्रिशूलीमा र पूर्व ४ र ६ नं. जिल्लामा, तथा धरानेमा प्रवचन र प्रश्नोत्तरमा प्रकट गरेको विचारहरूको आधारमा नै यो 'बुद्ध धर्म' पुस्तक पाठकहरू समक्ष प्रस्तुत गरेको छु।

म नेपाली भाषाको लेखक तथा कवि नभएता पनि जानी नजानी सरल नेपाली भाषामा लेखी यो पुस्तक प्रस्तुत गरिरहेछु। नेपाली राम्रो नबुझ्ने हुनाले भाषा त्यति सन्तोषप्रद नभएता पनि पाठकहरूले अवश्य क्षमा दिनु नै हुनेछ।

जे होस् मेरो एउटा इच्छा छ - बुद्ध धर्म अरू जस्तो साम्प्रदायिक भावनाबाट प्रेरित धर्म होइन र व्यावहारिक पक्षपाती धर्म हो भनी जनसमक्ष पेश गर्नु। किनकि आज विश्वमा बुद्ध धर्मको प्रचार भए पनि पुरोहितवादको सन्देश पनि सँगसँगै लिएर गएको देखिन्छ। अतः हामीले बुद्ध धर्मको पुस्तक पढ्दाखेरि बुद्धले आफ्ना शिष्यहरूलाई भन्नु भएको उपदेश सम्झना राख्नुपर्छ—"जसरी सुनलाई पहिले पोलेर पिटेर, कसौटीमा घोटेर जान्नु पर्दछ अनि मात्र चित्त बुझेपछि ग्रहण गर्नु पर्दछ, उसो गरी मेरा वाणीहरूलाई पनि कसीमा घोटी हेरेर मात्र ग्रहण गर्नु पर्दछ। केवल भक्तिका भरमा ग्रहण गर्नु उचित हुँदैन।" (मज्झिमनिकाय)

त्यस्तै निर्वाणका बारेमा गौतम बुद्धले यसो भन्नुभएको छ— स्वार्थको बाटो छोडेर परार्थको बाटो लिनु नै निर्वाण हो। निर्वाण भन्ने कुनै बेग्लै लोक छैन, न त यो मरेपछि मात्र पाइने पद हो। ज्ञानद्वारा अविद्यारूपी अन्धकार हटेपछि निर्वाण प्राप्त हुन्छ। यो

Downloaded from http://www.dhamma.digital

धर्मात्मा शरीरका वृत्तिहरूलाई संयम गरेर पापदेखि बचेर रहन्छ, उसले शोक र संताप रहित निर्वाण पद प्राप्त गर्न सक्छ। उपर्युक्त वाक्यांश बुद्धवाणी नामक पुस्तकबाट उद्धृत गरेको छु। यी वाणीबाट स्पष्ट हुन्छ बुद्धवादको स्वरूप कस्तो रहेछ।

**धन्यवाद —**

श्री वटुकृष्ण 'भूषण' शास्त्री तथा एम. ए. जसले आफ्नो घरको काममा व्यस्त हुँदा हुँदै पनि मेरो मौलिक भाषा नबिगारी अशुद्ध नेपाली शब्दहरू सच्याई दिनु भएकोमा उहाँप्रति आभारी प्रकट गर्दछु।

यथासमय सहुलियत सहित राम्रोसँग छापी दिनु भएकोमा नेपाल प्रेसलाई धन्यवाद नदिई रहन सक्दिन।

— भिक्षु अश्वघोष

२४ आश्वीन २०४६ ध्यानकुटी, बनेपा

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# बुद्धको विचार

बुद्ध धर्मलाई बुद्धको विचार भन्नु उचित ठान्दछु । किनकि दर्शनशास्त्र र अरू धर्म अनुसार धर्ममा ईश्वर आत्मा र पुस्तक पूजालाई महत्वपूर्ण स्थान दिएको छ, तर बुद्ध धर्ममा न ईश्वरलाई मान्यता छ न आत्मालाई । तथा पुस्तक पूजालाई पनि स्थान छैन । बरू स्वतन्त्र चिन्तनलाई महत्वपूर्ण स्थान दिएको छ । आफ्ना शिष्यहरूलाई बुद्ध भन्नु हुन्थ्यो –"जसरी सुनलाई पहिले पोलेर, पिटेर, कसौटीमा घोटेर जाँच्नु पर्दछ अनिमात्र चित्त बुझेपछि ग्रहण गर्नु पर्दछ उसैगरी मेरा वाणीहरूलाई पनि कसीमा घसेर मात्र ग्रहण गर्नु पर्दछ । केवल भक्तिका भरमा ग्रहण गर्नु त हुँदैन ।" त्यसैले बुद्धले प्रचार गर्नु भएको उपदेशलाई बुद्धको विचारधारा भन्नु उपयुक्त छ ।

अब जाऔं बुद्ध धर्मलाई किन बुद्धवाद भन्नतिर । म यहाँ अंगुत्तरनिकाय ग्रन्थलाई आधार मानेर आफ्नो विचार व्यक्त गर्न उचित ठान्दछु ।

एकदिन गौतम बुद्धले भिक्षुहरूलाई संगठित गरी भन्नुभयो— "भिक्षुहरू ! अबौद्धहरूमा तीन प्रकारका विश्वास र वाद छन् ।" जुन कि, पण्डितहरूले उनीहरूसित वाद–विवाद गरिसके पछि आखिरमा

Downloaded from http://www.dhamma.digital

उनीहरूको वाद केही लाभदायक सिद्ध भएन। जनहितको निमित्त उपयुक्त भएन।

ती तीन वादको व्याख्या गर्नु हुँदै तथागतले भन्नुभयो—एकथरी श्रमण ब्राह्मणहरूको वादले—मानिसले जुनसुकै सुख दुःख अनुभव गर्दछ त्यो सबै पूर्वकर्मको फलस्वरूप हो भन्ने कुरामा विश्वास गर्दछ।

दोस्रोवाद हो—मानिसले जुनसुकै सुख दुःखको भोग गर्छ, त्यो सबै ईश्वरको लीला र कृपाले हो अरू कुनै कारणले होइन।

तेस्रो विश्वास हो—हेतु र कारण विना नै मानिसले सुख दुःखले अनुभव गर्दछ। [अहेतुवाद]

गौतम बुद्धले भिक्षुहरूलाई भन्नुभयो—भिक्षुहरू, सबै प्रकारका सुख दुःखको अनुभव पूर्वजन्मको फलस्वरूप हुन्छ भन्ने विश्वासीहरूसित मैले सोधें - "साँच्चै नै पूर्वकर्मको फलस्वरूप नै सबै घटना हुने हो भने व्यभिचार, हिंसा, चोरी, झूठो बोल्नु, ईर्ष्या गर्नु, चुक्लिखोर बन्नु, झगडालु हुनु, लोभी र कंजुस हुनु, मिथ्यादृष्टि हुनु पनि पूर्वकर्मको फल अनुसार नै हुनुपर्छ। त्यसो हो भने तिमीहरूले उपदेश दिइरहेको केही काम लागेन कि—संयमी हुनुपर्छ, दान दिनुपर्छ, सज्जन हुनुपर्छ, हिंसा गर्नु हुँदैन। किनकि, जुन कुरा हुने हो त्यो सबै पूर्वकर्म स्वरूप नै हुनु पर्दछ। अनि उनीहरूले जवाफ दिन सकेनन्। अतः भिक्षुहरू! पूर्वकर्मवादी सिद्धान्त ठीक छैन, निन्दनीय हो, प्रशंसनीय छैन।

त्यस्तै मानिसले जुनसुकै सुख दुःख अनुभव गर्छ त्यो सबै ईश्वरको लीला हो भने माथि उल्लेख भए जस्तै सारा अत्याचार

Downloaded from http://www.dhamma.digital

भइरहेको ईश्वरको नै काम हो। यो सबै ईश्वरको महिमा हो भने सत् उपदेश दिने र धर्म प्रचार गर्ने काम व्यर्थ हुन जानेछ। यो कुरा सुनेपछि उनीहरू नाजवाफ भए। त्यसैले ईश्वरवाद पनि निन्दनीय छ। व्यर्थ छ र निरर्थक पनि।

अर्कोवाद छ अहेतुकवाद। उनीहरूलाई मैले भनें—मानिसले सबै प्रकारका पापाचार गरिरहेको हेतु र कारण बिना नै हो भने, सदाचार र नैतिकताको शिक्षा दिनु पनि व्यर्थ छ। अतः यो वाद पनि निन्दनीय छ।

भिक्षुहरू! मैले दिएका उपदेश तथा विचारलाई कसैले निन्दा गर्न सक्दैन र अप्रशंसनीय पनि छैन। कुनै पनि श्रमण ब्राह्मणहरूले बोध दिन सक्दैनन्।

भिक्षुहरू! मेरो उपदेशमा छ धातुका कुरा विद्यमान छन्। पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायोधातु, आकाशधातु र विज्ञानधातु।

मैले दिएको उपदेशमा (विचारमा) ६ स्पर्शायतन छन्—चक्षुस्पर्शायतन, श्रोतस्पर्शायतन, घ्राणस्पर्शायतन, जिह्वास्पर्शायतन, कायस्पर्शायतन र मनस्पर्शायतन।

मैले दिएका उपदेशमा मनको अट्ठार अवस्थाको कुरा छ—आँखाले रूप देखनासाथ प्रसन्न हुने, रीस उठ्ने र उपेक्षाभाव हुने। त्यस्तै कानले शब्द सुनी, जिब्रोले रस लिई, शरीरले स्पर्श गरी र मनले विचार गरी प्रसन्न हुने, अप्रसन्न हुने र उपेक्षा हुने।

Downloaded from http://www.dhamma.digital

मेरो विचारधारामा चार आर्यसत्यको कुरो छ, 'जुन कुरोलाई कुनै पनि श्रमण ब्राह्मणहरूले दोष दिन सक्दैनन्। किनकि—६ धातु भएकोले गर्भधारण हुन्छ। गर्भधारण भइसकेपछि नामरूप हुन्छ। नामरूपले गर्दा ६ आयतन हुन्छ। (आँखा आदि) ६ आयतनले गर्दा स्पर्श हुन्छ। स्पर्शले गर्दा वेदनाको अनुभव हुन्छ। वेदनाले गर्दा सुख दुःख, मन पर्छ, मन पर्दैन भावना हुन्छ। त्यसैलाई नै मैले दुःख भनेको छु। म भन्छु—दुःखको कारण छ, दुःखलाई अन्त गर्न सकिन्छ र दुःखलाई अन्त गर्ने बाटो छ।

दुःख के? जन्मको कारणले आवश्यक चीज चाहियो। त्यो चीज प्राप्त गर्न संघर्ष, मन नमिल्नेसँग व्यवहार गर्नु र बस्नु, प्रियहरूसँग वियोग भएर बस्नु, इच्छा लागेको वस्तु नपाउनु दुःख हो। संक्षेपमा, रूप, वेदना, संज्ञा, संस्कार अनि विज्ञान यो पंचोपादन स्कन्ध (समूह) नै संघर्षमय हो।

दुःखको कारण के? अविद्याले (अज्ञानताले) गर्दा संस्कार, संस्कारले गर्दा विज्ञान, विज्ञानले गर्दा नामरूप, (शरीर र मन) नामरूपले गर्दा ६ आयतन, ६ आयतनले गर्दा स्पर्श, स्पर्शले गर्दा वेदना, वेदनाले गर्दा तृष्णा, तृष्णाले गर्दा उपादान, (लिनु र संग्रह गर्नु) उपादानले गर्दा भव, (संसार) भवले गर्दा जन्म हुनु बूढो हुनु, रोगी हुनु, अनि संघर्ष गर्दागर्दै मर्नु, दुःख तथा मानसिक चिन्ता, दिक्दार हुनु। भिक्षुहरू, (जति भए पनि नपुग्ने तृष्णा) यी कुरालाई नै दुःख समुदय (दुःखको कारण) आर्यसत्य भन्दछन्।

Downloaded from http://www.dhamma.digital

दुःख निरोध सत्य के ? अविद्यालाई नाश गरी दियो भने संस्कार (कुबानी) नाश हुन्छ। संस्कार खतम भएपछि विज्ञान खतम हुन्छ। विज्ञानको अन्तपछि नामरूप ध्वस्त हुन्छ। नामरूप ध्वस्त भएपछि आयतन समाप्त हुन्छ। आयतन नष्ट भएपछि स्पर्श निष्क्रिय हुन्छ। स्पर्श निष्क्रिय पछि वेदना रहँदैन। वेदना नरहेपछि तृष्णा उठ्दैन। तृष्णा (जति भएपनि नपुग्ने) नउठेपछि उपादान (ग्रहण गर्न र स्वाद लिने आशा) को अस्तित्व नै समाप्त हुन्छ। उपादान नरहेपछि भव (संसारको अनावश्यक गतिविधि) हुँदैन। अनि नानाप्रकारको संघर्ष हुने छैन किनकि दुःखको कारण अन्त हुन्छ। यसैलाई दुःख निरोध भन्दछन्।

दुःख निरोध मार्गसत्य (दुःख अन्त गर्ने बाटो) के ? सम्यक् दृष्टि, (ठीक समझदारी) सम्यक् संकल्प, (ठीक उद्देश्य) सम्यक् वचन, (ठीक कुरा गर्नु) सम्यक् कर्मान्त, (ठीक नीर्दोष काम) सम्यक् आजीव, (ठीक जीवन) सम्यक् व्यायाम, (ठीक प्रयत्न) सम्यक् स्मृति, (ठीक होश) सम्यक् समाधी, (ठीक एकाग्रता)।

यही आर्यअष्टाङ्गिक मार्गलाई दुःख निरोध मार्गसत्य भन्दछन्। भिक्षुहरू ! मैले दिएको उपदेश र विचार यही हो। यसैलाई बुद्धको विचार भन्दछन्। यस विचारलाई कसैले दोष दिन सक्दैन। यो पूर्ण सत्य कुरा हो।

बुद्ध धर्म के भने बुझ्नको निमित्त अरू केही कुरा प्रस्तुत गर्दछु। केही वर्ष अघिको कुरो हो। लङ्काका महान विद्वान

Downloaded from http://www.dhamma.digital

श्री विमलवंश महास्थविर नेपालमा आउनु भएको थियो । उहाँलाई पाटन श्री सुमङ्गल विहारमा लगेको थिएँ । त्यहाँ पुगेपछि भिक्षु बुद्धघोष महास्थविरले एक दुई प्रश्न सोध्नुभयो । पहिलो प्रश्न थियो— नेपालमा बौद्ध धर्म प्रचारको लागि के गर्नुपर्छ ? महास्थविरज्यूले भन्नुभयो — सर्वप्रथम बुद्ध धर्मलाई अर्थ र धर्म अनुसार बुझ्नु परेको छ । बुद्धले भन्नु भएको छ— 'अत्थेन धम्मेन देसेतु'' यहाँ अर्थ भनेको महत्वपूर्ण छ । मानिसहरूको आर्थिक जीवनसित सम्बन्ध छ । धर्म माने इमान्दन्री र निर्दोषी भई काम गर्नु । दुःखी र गरीबी जीवनले निर्वाण लाभ गर्न सक्तैन । विलासमय जीवनले पनि निर्वाण प्राप्त गर्न सकिन्दैन । सुखमय जीवन (विलासमय होइन) ले निर्वाण प्राप्त गर्न सक्छ । त्यसैले दुःखी जीवनबाट मुक्त हुन आर्थिक जीवन राम्रो हुनु पर्छ । फेरि भन्नुभयो विशेषतः बर्मामा बुद्ध धर्मलाई अर्थ दृष्टले ग्रहण नगरी नसम्झी परम्परागत धर्मको रूपमा मानिरहेका छन् । श्रीलङ्का र थाइलैण्ड आदि बौद्ध देशहरूमा पनि त्यस्तै हो धर्ममा लागे पनि मानिसहरूको जीवन अशान्त र पतन हुँदै गइरहेको । धनी मानिस पनि दान दिंदा दिंदै गरीब भएको उदाहरण बुद्धकालीन अनाथपिण्डिक महाजनलाई लिन सकिन्छ । यसको खास कारण आर्थिक जीवनतिर ध्यान नदिएको हुन गएको हो । अतः हामीले आय अनुसार व्यय गर्नु सिक्नुपर्छ । मितव्ययी हुनुपर्छ ।

फेरि महास्थविरज्यूले भन्नुभयो आर्थिक जीवन उन्नतिको लागि तथागतले गृही प्रतिपदा (गृहस्थहरूले गर्नु पर्ने विधिविधान) मंगलसूत्र, व्यग्घपद्य सूत्र, सिगालोवाद सूत्र, वसल सूत्र र पराभव सूत्र आदि अनेक

Downloaded from http://www.dhamma.digital

उपदेश दिनु भएको थियो जुन गृहस्थ जीवन उन्नति र समृद्धि निमित्त अत्यावश्यक हुन आउँछ ।

उहाँको कुरा सुनी मलाई सारै खुशी लाग्यो । कारण बुद्ध धर्मलाई आर्थिक दृष्टिकोणले ग्रहण गर्नु परेको छ । न कि अन्य धार्मिक प्रकृयाहरू तथा विभिन्न प्रकारका नारावादले मात्र ।

अब प्रश्न छ अर्थ दृष्टिकोणले बुद्ध धर्मलाई कसरी अपनाउने ? यदि कसैले बुद्ध धर्मलाई आदर्शवाद, नैतिकवाद हो र जनजीवन र समाजको आर्थिक जीवन उन्नतिसित यसको केही सम्बन्ध छैन भन्छ भने त्यसो भन्नु उचित छैन । उसको दृष्टि मिथ्या दृष्टि हो अर्थात उसले गलत तरिकाबाट बुद्ध धर्मलाई अपनाइरहेको छ । गौतम बुद्धले त जनकल्याणतिर नै बढ्ता ध्यान दिनु भएको थियो । यो अवश्य हो बुद्धको विचार अनुसार मानिसको जीवन सुखमय हुनलाई पवित्र भावना हुनु पर्छ । हृदय पवित्र नभइकन जुन काम गरेतापनि प्रतिफल राम्रो हुन सक्तैन, अनि अध्यात्मिक अशान्ति । तर बुद्धले यो पनि भन्नु भएको छ—मानिसको आध्यात्मिक (मानसिक) शान्ति भौतिक र सामाजिक तथा आर्थिक व्यवस्थामा निर्भर हुन्छ तथा परिस्थिति र वातावरणमा भर पर्छ ।

बुद्ध धर्मले यो कहिले पनि विश्वास गर्दैन कि भौतिक पदार्थ र जीवनको मात्र उन्नति गर्नु मानिसको लक्ष हो । भौतिक सुख सम्पत्ति प्राप्त गर्नु मात्र लक्ष होइन । तैपनि बुद्ध धर्म आर्थिक, सामाजिक र राजनैतिक जीवनबाट टाढा छैन । बुद्ध धर्म राजनीति होइन तर राज्य कसरी चलाउनु पर्छ भन्ने उपाय र बाटो बुद्ध धर्मले देखाएको छ ।

Downloaded from http://www.dhamma.digital

तर बुद्ध धर्मलाई यसरी बुझ्नेहरू मुट्ठिभर मात्र छन् । बहुसंख्यक बौद्धहरू बुद्ध धर्मलाई पुरोहितवाद बनाउने पक्षमा छन् र देखिएको पनि छ ।

'दीघ निकाय' नामक ग्रन्थमा उल्लिखित चक्कवत्तिसिंह नाद सूत्रमा स्पष्टरूपमा बुद्धले भन्नु भएको छ - सबै प्रकारका अपराध, भ्रष्टाचार, हत्या चोरी आदि अनैतिकताको कारण (दलिद्द भावो) गरीबी र निर्धन हो । पहिले पहिले राजा आदि शासक वर्गहरूले यस्तो किसिमको अपराध अन्त गर्नको निमित्त सजाय र दण्ड विधानको सहारा लिन्थे । दण्ड दिइरहेका पनि देखिन्छ । त्यही दीघनिकायको कूटदन्त सूत्रमा उल्लेख भएको छ—अपराध र भ्रष्टाचार रोक्नलाई सजाय र दण्ड विधानले कहिले पनि सफल हुन सक्तैन । यो दण्ड विधान एकदम गलत तरिका हो अनि अपराध र चोरी डाँका आदि खतम पार्नको निमित्त गौतम बुद्धले के सुझाव दिनु भएको छ भने— सर्वप्रथम जनताको आर्थिक जीवन सुधार्नु पर्छ । आर्थिक जीवन कसरी समुन्नत पार्ने ? खेती गर्ने किसान वर्गलाई खेतीको सामान र बिऊ आदि वितरण गरी दिनु पर्छ । व्यापार गर्न चाहनेलाई पूंजी र साधन तथा सुरक्षाको व्यवस्था गरी दिनु पर्छ । जसले गर्दा सबै व्यापारमा संलग्न हुन सकुन् । जागिरदार र (मजदुर) वर्गलाई खानलाई पुग्ने गरी तलब र भत्ता दिनु पर्दछ । यसरी जनतालाई साधन र काम–मामको व्यवस्था भयो भने आम्दानीको श्रोत उपलब्ध हुन्छ, अनि आर्थिक चिन्ताबाट मुक्त हुन्छ । जहाँ आर्थिक चिन्ता रहँदैन त्यहाँ कहाँबाट अपराध र भ्रष्टाचार आउँछ । अशान्तिको ठाउँमा शान्ति ।

Downloaded from http://www.dhamma.digital

शान्ति !! अनि सबै प्रकारको अपराधले त्यस देशबाट सदाको लागि बिदा लिइहाल्छ र आफै धर्मराज्यको स्थापना हुन्छ। त्यसैले गौतम बुद्धले आर्थिक दशा सुधार्नु पर्छ भनी उपदेश दिनु भएको हो। यसको मतलब यो होइन कि अरूलाई खाल्टोमा खसाली होडबाजी लगाई धनोपार्जन गरेर धन कुबेर बन्नु। धन कमाएर संग्रह मात्र गर्नु बुद्धवादको मूल सिद्धान्तको उल्लंघन गर्न हुन जान्छ।

एकदिन दीघजानु नामक गृहस्थीले बुद्धकहाँ गएर सोध्यो — भन्ते ! हामीहरू साधारण गृहस्थी हौं, जुन कि स्त्री बालबच्चाहरूसित जीवन यापन गर्नुपर्छ। यस्तो पारिवारिक जीवनलाई कल्याण हुने, उन्नति हुने केही उपदेश दिनु हुन्छ कि ?

भगवान् बुद्धले भन्नुभयो—संसारमा मनुष्य जीवन सुखमय बनाउन चार चीजको जरूरी छ —

(क) उत्साह र अथक परिश्रम अर्थात मानिस प्रयत्नशील, कुशाग्र बुद्धि तथा आलस्यहीन हुनु पर्छ। यसलाई "उत्थान सम्पदा" भन्छन्।

(ख) सम्पत्तिको सुरक्षा अर्थात आफुले पसीना बहाई परिश्रम गरेर कमाइराखेको धन दुरुपयोग नगरी, नचाहिने ठाउँमा खर्च नगरी रक्षा गर्नुपर्छ र चोर आदिबाट पनि सुरक्षा हुनु पर्छ। यसलाई "आरक्ख सम्पदा" भन्छन्।

(ग) सज्जनहरूको सत्संगत अर्थात असल साथी चिन्नु पर्छ र खोज्नु पर्छ, जुन कि विश्वासी सज्जन जसले राम्रो बाटो देखाउँछ र

Downloaded from http://www.dhamma.digital

विपत बखतमा सहायक सिद्ध हुने काम दिन्छ। उसलाई कल्याणमित्र तथा "कल्याणमित्तता" भन्छन्।

(घ) आय अनुसार व्यय गर्ने अर्थात आम्दानीभन्दा बढ्ता खर्च नगर्नु। यसको मतलब यो होइन कि कंजूस बन्नु! यसलाई समजीविका भन्दछन्।

गौतम बुद्धले सिगाल पुत्रलाई भन्नुभएको छ—आफूले कमाई गरेको धनको चार भागमा एक भाग दिनभरीलाई खर्च गर्ने, दुई भाग आपनो व्यापारमा लगाउने र आखिरको एक भाग भविष्यमा आवश्यक काम आइपरेको खण्डमा खर्च गर्नको निम्ति सुरक्षित गर्ने। जस्तै—

एकेन भोगे भुञ्जेय्य द्विहि कम्मं पयोजये
चतुत्थं च निधापेय्य आपदासु भविस्सति।

अर्थात कमाएको धनमा एक भाग खान-पानलाई, दुई भाग कामा लगाउनु र बाकि आपतकालीनलाई बचाई राख्न जान्नुपर्छ।

एकदिन अनाथपिण्डिक महाजनलाई उपदेश दिनु हुँदै गौतम बुद्धले भन्नुभयो—मानिसहरूलाई चार प्रकारका सुख चाहिन्छन्—

(क) आवश्यक वस्तु आफूसँग छ भन्नु सुख अर्थात आर्थिक चिन्ताबाट मुक्त हुनु 'अत्थि सुख' हो।

(ख) आफूले कमाएको धन आफ्नो इच्छानुसार भोग गर्ने सुखलाई 'भोग सुख' भन्छन्।

Downloaded from http://www.dhamma.digital

(ग) जीविका चलाउन निमित्त ऋणी नगरी बस्ने सुख 'अनण सुख' हो ।

(घ) अरूलाई अहित हुने खालका कल्पना नगरी पवित्र जीवन यापन गर्ने निर्दोष जीवनलाई 'अनवज्ज सुख' भन्छन् । हामीले विचार गर्नुपर्ने उक्त चार सुख मध्ये तीनवटा आर्थिक सम्बन्धी हुन् ।

माथि उल्लेख गरिएका मार्गहरू बुद्धले आर्थिक उन्नतिको लागि उपदेश दिनु भएको केही अंश मात्र उद्धरण गरिएको हो ।

अब बुद्धले आर्थिक समस्या हल गर्ना निमित्त उत्पादनमा नभएता पनि उपभोगमा व्यवहारिकरूपमा बाटो देखाउनु भएथिर सिंहावलोकन गरौं —

यहाँ बुद्धको अर्थनीति सम्झनको लागि डाक्टर अम्बेडकरले नेपालमा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा दिनु भएको भाषणको केही अंश उद्धृत गर्दछु —

आजको युगमा संसारको बुद्धिवादी विचारकहरूलाई मनुष्य जीवन सुख र समृद्धिको लागि दुइवटा मात्र बाटो देखिन्छ । पहिलो बाटो साम्यवाद हो । अर्को बाटो हो बुद्धवाद । सुसंगठित रूपमा प्रचार भइरहेकोले धेरै नवयुवकहरू साम्यवादतिर लम्कन्दै छन् । बुद्ध धर्म बुद्धिवादी हो । समता प्रधान हो, अरू दृष्टिले हेर्‍यौं भने आदर्श र परिणाम दृष्टिले साम्यवादमन्दा बढी कल्याण हुने हो । यो कुरा हाम्रो युवकहरूको अगाडि प्रस्तुत गर्नु अत्यावश्यक छ ।

Downloaded from http://www.dhamma.digital

यदि यो काम बौद्ध भिक्षुहरूले राम्रोसँग गर्न नसकेको खण्डमा बुद्ध धर्म लोप भएका जस्तै हुनेछ। यसमा केही शंका छैन। साम्यवादको चुनौति स्वीकार गरेर बौद्ध भिक्षुहरूले आफ्नो विचार पद्धति र प्रचार कार्यमा आवश्यक उचित परिवर्तन ल्याएर भगवान् बुद्धको विचार शुद्धरूपले (पुरोहित शाहीरूपले होइन) युवकहरूको समक्ष राख्नुपर्छ। यसैमा बुद्ध धर्मको उत्थान हुने शक्ति विद्यमान छ। सारा संसारलाई प्रभावमा ल्याइने साम्यवादलाई भगवान् बुद्धको विचार प्रणाली एक मात्र जवाफ हो। साम्यवाद मनुष्य जीवनलाई सुखी बनाउने एउटा छोटो (आँखाले देखिने) तर कठिन (संघर्षमय) बाटो हो। बुद्ध धर्म टाढा (आँखाले नदेखिने) बाटो हो। तर यो संघर्षमय छैन। कठिन बाटोमा जानुभन्दा बुद्ध धर्मको राजपथतिर लम्कनु धेरै कल्याणकारी हुनेछ। जब कि जमिन्दार र धनी पूंजीपति वर्गले स्वेच्छापूर्वक धन त्याग गर्छन्, शोषणको काम गर्न छोडी दिन्छन्। (व्यवहारमा यस्तो गरिदिएको देखिदैन)।

मार्क्सले देखाएको बाटोमा जानु भयपूर्ण र संकटमय छ। (बोधिसत्वहरूले जस्तो जीवन अर्पण, आत्म त्याग गर्नुपर्छ।) जुन बाटोमा गएर हामी जहाँ पुग्नु पर्ने हो त्यहाँ पुग्न सक्छौं कि सक्दैनौ यो शंकास्पद विषय बनेको छ।

साम्यवादको सबभन्दा ठूलो तत्व हो संसारमा आर्थिक अत्याचार र विषमताले गर्दा बहुसंख्यक जनता दास भई दुःख भोगिरहे छन्। यो विषमता हटाउन निमित्त प्रत्यक्षरूपमा एउटा मात्र बाटो छ

Downloaded from http://www.dhamma.digital

व्यक्तिगत सीमित अधिकार खतम गर्नु, अनि उसको ठाउँमा राष्ट्रिय सम्पत्ति बनाउने अथवा राष्ट्रियकरण गरिदिने। त्यसको लागि श्रमजीवीहरूको अधिनायकवाद (अनिश्चितकालको लागि) स्थापना गर्ने।

बुद्ध धर्मको सबैभन्दा ठूलो तत्व मार्क्सको तत्व जस्तै हो। यसमा पनि संसारमा दुःख (संघर्ष) छ त्यो दुःखलाई अन्त गर्नुपर्छ भन्ने कुरो छ। बुद्धको मतानुसार दुःखको अर्थ ऐहिक (यही जन्मको दुःख मात्र हो।) यसको प्रमाण बुद्ध वचनमा धेरै छन्। अरू धर्म जस्तो बुद्ध धर्म आत्मा र परमात्मामा अडेको छोइन। उसको अधिष्ठान जीवनानुभूति हो। दुःखको अर्को जन्मको अर्थ लगाएर पुनर्जन्मसित उसको सम्बन्ध जोड्नु बुद्ध धर्मको विरुद्ध हुन जानेछ। संसारमा दरिद्रता लिएर जन्म हुनेको दुःख नाश हुने काम नगरी नहुने भएको छ। सर्वप्रथम यो (गरीबी अन्त गर्ने) सिद्धान्त स्वीकार गरेपछि दुःखलाई खतम गर्ने बाटो गौतम बुद्धले देखाउनु भयो। आदर्श बौद्ध समाजको तत्व बुद्धले भिक्षु संघमा समावेश गर्नुभो। संघमा व्यक्तिगत सम्पत्तिको फुनै महत्व र स्थान छैन। केवल आठवटा चीज आफूसित राख्न सक्ने उहाँको आदेश या नियम हो। त्यो आठ वस्तु मध्ये पहिलो वस्त्र हो। यसमा पनि परिग्रहको भावना हुनु हुँदैन।

सम्पत्ति व्यक्ति विशेषको अधिकार, सबै प्रकारका अनाचार, शोषणको कारण हो। यो कुरो बुद्धले मार्क्सभन्दा २५ सय वर्ष पहिले थाहा पाएका थिए। गौतम बुद्ध र मार्क्सका सिद्धान्त अध्ययनबाट दुःख

Downloaded from http://www.dhamma.digital

अन्त गर्ने बाटोमा भिन्नता देखिन्छ । जस्तै मार्क्सको विचार अनुसार संसारको दुःख नाश गर्नको निमित्त शक्तिको प्रयोग (संघर्ष) गर्नु एक मात्र उपाय र साधन हो, तर यसको विपरित बुद्धको विचारमा प्रेम, करुणा र मैत्रीलाई साधनको दृष्टिले प्रमुखता दिनु पर्दछ भन्ने कुराको किटान गरिएको छ ।

उक्त अंश धर्मोदय सभाबाट छापिएको चतुर्थ विश्व बौद्ध सम्मेलनको रिपोर्टबाट उद्धृत गरिएको हो ।

अब स्वतन्त्र चिन्तनले मनन गर्नुपर्ने के भने आर्थिक जीवन सुधार्नको लागि कुनचाहिं बाटो ठीक छ र व्यवहारिक छ । बौद्ध दृष्टिकोणले आर्थिक समस्या कसरी हल गर्ने भन्ने विषयतिर विशेष ध्यान दिनु परेको छ ।

★

Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मको विशेषता

बुद्ध धर्म गम्भीर विषय हो। शायद अरू धर्मभन्दा बुद्ध धर्म बुझ्न गाह्रो होला। बुद्ध धर्मको यथार्थता बोध गर्न स्वच्छ र उदार हृदय हुनुपर्छ। बुद्ध धर्म वैज्ञानिक र व्यवहारिक हो भन्नुमा अत्युक्ति हुँदैन, तर बुद्ध धर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुनु हुँदैन। पुरानो संस्कारलाई बिल्कुलै पंछाउन पर्छ। अनि मात्र बुद्धको विचारधारा बुझ्न सजिलो हुन्छ।

जुन धर्मले सम्प्रदायको रूप धारण गर्दछ, त्यो धर्म मानव समाजको हितको लागि नभई दुःखदायक हुन जान्छ। जहाँसम्म मलाई लाग्छ विश्व मानवको एउटै धर्म र संस्कृति हुनुपर्छ, चाहे होस् वा नहोस्। मेरो व्यक्तिगत अभिलाषा यही हो।

बुद्धको जन्मभूमि नेपाल हो। अतः सबै नेपालीले चाहे बौद्ध होस् वा चाहे अबौद्ध होस् बुद्ध धर्मको विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ भन्नु बढ्ता कुरा नहोला।

अब म यहाँ बुद्ध धर्मको विशेषताको बारेमा मेरो दृष्टिकोण प्रस्तुत गर्दछु। निम्न लिखित तथ्यहरू बुद्धवादका विशेषता हुन्।

(१) देव ब्रह्मादि केही अमानवीय शक्तिको सहायता बिना आफ्नै उत्साह र लगनद्वारा स्वतन्त्र विकास हुनुपर्छ।

Downloaded from http://www.dhamma.digital

(२) अनात्मवाद अर्थात यो शरीरमा अथवा बाहिर सर्वाकालिक स्थायी केही वस्तु छैन ।

(३) अनिश्वरवाद ।

(४) अरहस्यवाद ।

(५) जाति र वर्गभेद हीनता ।

(६) संसारका मुख्य प्रश्न खाद्य ।

(७) समान जीवीका ।

(८) सारा संसार एउटै परिवार जस्तो हुनुपर्छ भन्ने भावना ।

(९) युद्धको नाश गरेर शान्तिको स्थापना ।

(१०) बहुजन हिताय, बहुजन सुखायको उद्देश्यले काम गर्नु, गराउनु । स्वतन्त्रता र प्रजातन्त्र मानव मात्रको अमूल्य वस्तु सम्झनु ।

उपर्युक्त एघारवटा कारण बुद्धवादको विशेष अंग हो । यिनीहरू उल्लेखनीय मात्र होइन व्यवहारिक पनि छन् । म यहाँ सातौं अंग अर्थात समान जीवीकामा मात्र अलि स्पष्ट गर्न चाहन्छु । बुद्ध धर्ममा समान जीवीकाको अर्थ आय अनुसार व्यय गरेर जीविका चलाउनु हो । (मार्क्सवाद र बुद्धवाद पुस्तकको आधारमा ।)

मलाई त बुद्ध धर्म किन मनपर्छ भने यसमा मानव समाजलाई साम्प्रदायकताबाट सम्पूर्णरूपमा मुक्त गराउन सक्ने तत्व र उत्साह तथा प्रयत्न समावेश भएको छ । बुद्धले जातिभेद, वर्गभेदलाई निन्दा गर्नु भएको छ । ईश्वरलाई र आत्मालाई मान्यता छैन । अन्ध श्रद्धा र भक्ति तथा पुस्तक पूजालाई स्थान छैन । मूर्ति पूजालाई प्रोत्साहन त के स्थान

Downloaded from http://www.dhamma.digital

छैन, यद्यपि आजको बौद्ध समाजमा यी कुरा प्रमुख अंग भएको जस्तो देखापर्न थालेका छन् ।

गौतम बुद्ध कसैको कथनमा विश्वास राखी परतन्त्र भइरहने कार्य र विचारको घोर विरोधी हुनुहुन्थ्यो । स्वतन्त्र चिन्तनले मनन गरी राम्ररी सम्झी बुझी काम गर्ने पक्षमा बुद्ध हुनुहुन्थ्यो ।

धेरैजसो धर्मगुरु पुरोहितहरूले आफ्नो चेला र अनुयायी-हरूलाई भन्दछन् तिमीहरूले मेरोप्रति दृढ श्रद्धा राख्नुपर्छ । मेरो कुरामा तिमीहरूले तर्क वितर्क नगरी यो सनातन सत्य मानी आँखा चिम्लेर शिरोपर गरी आचरण गर्नुपर्छ । मेरो कुरामा विश्वास छैन भने, शंका गर्‍यो भने, आफ्नो बुद्धिले काम लिनु खोज्यो भने तिमीहरू घोर नरकमा जानेछौ । अतः मेरो कुरालाई छाडी अरूको कुरो नमान । आफ्नो बुद्धिमा तालचामारी मेरो मात्र अनुयायी बन । अनि मात्र संसार सागरबाट पार हुन्छ ।

यसको विपरीत गौतम बुद्धको उपदेश देखिन्छ । एकदिनको कुरो हो - तथागतले आफ्नो निजी सचिव (सेवक) भिक्षु आनन्दलाई भन्नुभयो—'आनन्द, हात फैलाउनु, तिमीलाई म केही दिन चाहन्छु ।'

आनन्दले हात फैलाएर पछि बुद्धले हातभरी फूल राखी दिनुभयो । तथागतबाट हातभरी फूल पाएपछि आनन्द सारै खुशी भए ।

Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले सोध्नुभयो—आनन्द, संसारमा यही मात्र राम्रो फूल छ कि अरू पनि छ ? भन्ते—अरू पनि राम्रा राम्रा फूलहरू छन् भनी आनन्दले उत्तर दिए ।

गौतम बुद्धले भन्नुभयो—यदि तिमीलाई कसैले राम्रो फूल दियो भने के तिमीले अस्वीकार गर्ने ?

आनन्दले भन्नुभयो—अस्वीकार नगर्ने भन्ते । तथागतले भन्नुभयो—यस्तै मेरो उपदेशलाई मात्र दृढरूपमा ग्रहण गरिरहने होइन, जहाँ जसले पनि राम्रो र हित हुने, जनहित कुरा भनेको खण्डमा स्वतन्त्र विचारले मनन गरी ग्रहण गर्नुपर्छ । हिचकिचाहटको केही कारण छैन । तर कुनै धर्म होस् नबुझीकन आँखा चिम्लेर ग्रहण गर्नु उचित होइन ।

यो बुद्धको उपदेशले संकुचित साम्प्रदायिकतालाई महान वज्र प्रहार गरेको छ । गौतम बुद्धले ठीक भन्नुभएको छ—धर्म ग्रन्थमा लेखेको छ भनेमा, कसैले भनेको आधारमा, कुनै पनि कुरालाई विश्वास गर्नु हुँदैन । आफ्नो बाज्ये र साथीहरूले मानी आएको भनी विश्वास गर्नु हुन्न । बरू आफ्नो बुद्धिले काम लिई विचार गर्न सिक्नु र गर्नु सक्नुपर्छ । यदि त्यो काम हित र लाभदायक सिद्ध हुन्छ तथा बहुजन हिताय, बहुजन सुखाय हो भने स्वीकार गर्ने अन्यथा नगर्नु ।

गौतम बुद्धले त त्यही कामलाई धर्म भन्नु हुन्थ्यो जुन कि बहुजन हित र बहुजन सुख समृद्धि हुन्छ । अरू धार्मिक साम्प्रदायहरूले

Downloaded from http://www.dhamma.digital

जनताको ध्यान इहलोकबाट मोडी, यो संसारलाई तुच्छ गरी परलोकमा लैजान कोशिस र प्रयत्न गर्छ। परन्तु बुद्ध परलोकको कुरा नगरी इहलोकिक सुखलाई जोड दिनु हुन्छ। त्यसैले वहाँको उपदेश र धर्मलाई (संदिट्ठिको) यही जन्ममा देखिने, (अकालिको) पछि फल दिने होइन, अहिलेको अहिले नै फल दिने धर्म हो। यही नै बुद्ध धर्मको विशेषता हो।

अर्को कुरो हो—मानव मानवको बीच कुनै प्रकारको भेदभाव छैन। जन्मले कुनै नीच र उँच जात हुँदैन। कर्मले नै नीच र उँच हुन्छ। बुद्धले भन्नुभएको छ—

न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो,
कम्मना वसलो होति कम्मना होति ब्राह्मणो।

बौद्ध समाज, जस्तो कि गंगा, यमुना, बागमति आदि नदी कहाँदेखि शुरु भई समुद्रमा गएर एउटै बन्छ, एकै रस हुन्छ, त्यस्तै विभिन्न प्रकारका वर्ग र जातिका मानिसहरू बौद्ध धर्म ग्रहण गरिसके-पछि आफ्ना जाति र थरलाई पंछाई एउटै जाति हुन जान्छन्। यो बुद्ध धर्मको महान क्रान्तिकारी कदम हो। बुद्ध धर्म समानतावाद हो। प्रसिद्ध महायानी आचार्य धर्मकीर्तिको कथनबाट यो कुरा स्पष्ट हुन्छ। बुद्ध धर्म र बौद्ध शिक्षामा अन्ध विश्वासलाई स्थान छैन। आचार्य धर्मकीर्ति भन्नुहुन्छ—

वेदप्रमाणं कश्यचित् कर्तुवाद
स्नाने धर्मेच्छा जातिवादाव लेपः

Downloaded from http://www.dhamma.digital

सन्तापांगः पापहानाय वेति
ध्वस्त प्रज्ञानां पंचलिगानिजाड्ये

अर्थात वेद गल्ती हुन सक्दैन भन्ने विश्वास, संसारको शृष्टिकर्ता छ भन्ने धारणा, पुण्यतीर्थस्थानमा स्थान गर्न धर्म मान्नु, कुलवादले घमण्ड हुनु, पाप नाश गर्न निमित्त शरीरलाई अनावश्यक दुःख दिनु, यी पांच विश्वास विकृत मस्तिष्कको लक्षण हो ।

अभाग्यवस नेपाली बौद्ध समाजमा पनि यी पाँच ध्वस्त प्रज्ञाका लक्षणहरूले राम्रा स्थान पाइसकेको देखिन्छ । बुद्ध धर्म आचरणमा भर पर्छ । तर तृतीय शताब्दीमा बौद्धहरूले स्वार्थवश सदाचारमा आस्था नराखी तन्त्रयान, वज्रयान मार्ग अपनाई बुद्ध धर्मको अस्तित्व नै मिटाई दिए ।

बुद्ध धर्मको अर्को महत्वपूर्ण कुरो देव ब्रह्मादि कुनै पनि अमानवीय शक्तिको सहायता बिना आफ्नै उत्साहले स्वतन्त्र बिकास हुनु पर्छ । अर्थात चिन्ताबाट तथा जीवन मुक्तिको लागि देवी देवताको भरोसामा निर्भर रहनु हुँदैन । आफ्नो मालिक आफै हो—'अत्ताहि अत्तनो नाथो' अर्थात आफ्नो खुट्टामा उभिन सक्नु पर्छ । के गरूँ कर्ममा लेखेको छैन भनी कर्मलाई दोष दिई चुपचाप हात बाँधी बस्नु हुँदैन । उत्साह र प्रयत्न गर्नुपर्छ अनि कर्ममा नभएको पनि उत्पन्न हुन्छ, काम सिद्ध हुन्छ । कर्मलाई दोष दियो भने कहिले पनि उन्नति गर्न सक्दैन ।

Downloaded from http://www.dhamma.digital

अर्को उल्लेखनीय कुरो गौतम बुद्धले भन्नुभएको छ— 'कुल्लुपमं भिक्खवे धम्मं देसेमि ।' भिक्षुहरू ! तिमीहरूलाई म यस्तो धर्मको उपदेश दिन्छु —खोला–नदी तर्नलाई डुंगाको सहयोग चाहिन्छ । खोला, तरिसकेपछि डुंगाले उपकार गऱ्यो भनी कसैले पनि त्यो डुंगालाई काँधमा बोकी हिंड्दैन । त्यस्तै मेरो धर्म पनी जहाँ पनि, जंले पनि बोकेर हिंड्नलाई होइन । डुंगा जस्तै धर्म पनि जीवन मार्गको काममा ल्याउनलाई मात्र हो ।

★

Downloaded from http://www.dhamma.digital

# पुनर्जन्म र अनात्मवाद

पूनर्जन्मवाद र अनात्मवाद परस्पर मेल नखाने शब्द हुन्। यो साधारण मानिसहरूले बुझ्ने कुरो होइन। एकदम स्वतन्त्र चिन्तनले विचार गरेर अध्ययन गर्नु पर्ने कुरो हो। बुद्धको पूनर्जन्मवाद र अनात्मावाद बुझ्नको निमित्त बुद्धकालीन दार्शनिक र जनताको विचार के थियो भन्ने कुरामा एकचोटि राम्रै संग बुझ्नु परेको छ। बुद्धकालीन परिस्थिति राम्रोसँग नबुझीकन बुद्धलाई चिन्न गाह्रै पर्छ, न उहाँको पूनर्जन्मवाद नै बुझ्न सकिन्छ!

प्राणी मरेपछि फेरि जन्मिन्छ कि भन्ने प्रश्न लिएर बुद्धकालीन धेरै वाद खडा भएको देखिन्छ। यही प्रश्न लिएर धेरै पण्डित विद्वान-हरूले आ–आफ्नो विचार प्रकट गरेका छन्। गौतम बुद्धले पनि (बाध्य भई) प्राणी फेरि जन्म लिन्छ भन्नुभएको थियो, तर उहाँको विचार र अरू दार्शनिकहरूको पुनर्जन्म विचारमा मेल खाँदैन।

बुद्धको समकालीन आचार्यहरू छजना थिए पूर्णकाश्यप, मक्खलीगोसाल, अजित केसकम्बल, पकुधकात्यायन, वेलट्ठीपुत्र र निगन्थनाथ पुत्र। यी छजनाको विचार दुई भागमा विभाजित भएको देखिन्छ। एकथरी आत्मावादी या शाश्वतवादी र अर्को उच्छेदवादी हो।

शाश्वतवादीको कथन छ आत्मा कहिले पनि मर्दैन, त्यसैले

Downloaded from http://www.dhamma.digital

जीवन नित्य र शाश्वत छ। पुनर्जन्म यसको नवीकरण मात्र हो र नयाँ रूप मात्र धारण गर्छ।

उच्छेदवादीको कथन शब्दले नै स्पष्ट छ—संसारमा भएको सबै चीजको सम्पूर्ण विनाश हुन्छ। मृत्युपछि केही पनि बाँकि रहँदैन।

गौतम बुद्ध शाश्वतवादी हुनु हुन्नथ्यो। शाश्वतवादको अर्थ हो नित्य आत्मा छ भनी विश्वास गर्नु। बुद्ध आत्माको (कट्टर) विरोधी हुनुहुन्थ्यो। त्यसो भनेर बुद्ध उच्छेदवादी हुनु हुन्नथ्यो। हुनत दार्शनिक दृष्टिकोणले आत्मा नमानेपछि स्वभावतः उच्छेदवादी हुन जान्छ। तर 'अलगद्दूपम' सूत्रमा उल्लेख गरे अनुसार बुद्ध उच्छेदवादी हुनुहुन्न। उहाँ विभज्जवादी हुनुहुन्थ्यो। अर्थात राम्रो नराम्रो, सत्य र असत्य, ठीक र बेठीकलाई छुट्याउनु नै उहाँको काम थियो, तैपनि बुद्धलाई धेरै जनाले उच्छेदवादी भनी लाञ्छना लगाउँथे, ऐले पनि त्यस्तै छ।

तथागतले अनित्यको बारे उपदेश दिनु भएको थियो। त्यसैले धेरै जनाले उहाँलाई निराशावादी, उच्छेदवादी तथा नास्तिकवादी भन्छन्।

बुद्धकालीन आचार्यहरू शाश्वतवादी र उच्छेदवादी भनी दुई थरी, दुई विचार धारामा विभाजित भइरहेका थिए। यी दुबै विचार-धाराले जनजीवनलाई हित र भलो हुँदैन भन्ने विचारले बुद्धले शाश्वत आत्मा नित्य मान्नेहरूलाई पनि विरोध गर्नुभयो। मृत्युपछि केही पनि हुँदैन भन्ने विचारधारालाई पनि विरोध गर्नुभयो। त्यसपछि वहाँले आत्मालाई मान्यता नदिई वैज्ञानिक ढंगले पुनर्जन्मलाई मान्यता दिने

Downloaded from http://www.dhamma.digital

प्रस्तुत गर्नुभयो। पुनर्जन्म नमानेको भए बुद्धको सिद्धान्तलाई मान्यता विनेहरू नगण्य हुने थियो। पुनर्जन्मलाई मान्यता दिन तत्कालीन अवस्था अनुसार अवश्यम्भावी थियो। अन्यथा नास्तिकवाद नै कायम हुने थियो।

अब प्रश्न उठ्छ आत्मा नमानीकन पूनर्जन्म कसरी भयो? बुद्ध धर्ममा पुनर्जन्म गम्भीर/विषय हो। किनभने बुद्ध धर्म कुनै पनि पुनर्जन्म लिने सत्ता मान्दैन, फेरि कसरी पुनर्जन्मको कुरा उठ्यो। बुद्धकालीन धेरै विद्वानहरूले गौतम बुद्धसँग प्रश्न सोधे कि तपाईं आत्मा मान्नु हुन्न, तर पुनर्जन्म मान्नु हुन्छ? फेरि पुनर्जन्म लिने को हो? तथागत शास्ताले उत्तरमा भन्नुभयो कि यो जन्म लिने सत्ता को हो भनी प्रश्न गर्नु नै गलत छ। (न कल्लोयं पञ्हो) प्रश्न त यसरी हुनुपर्छ कि जन्म कसरी लिइन्छ? किन सुख दुःख भोग्नु परेको?

तथागतको विचार अनुसार चार चीजको मिलनले (चार भौतिक महाभुत) शरीर बनेको छ। (१) पृथ्वी, (२) जल, (३) अग्नि, (४) वायु।

प्रश्न उठ्दछ मानिस मरिसकेपछि यो चार महाभूत के हुन्छ? के त्यो पनि शरीर सँग–सँगै मर्छ? कसैको विचार छ मर्छ। तर बुद्धको भनाई छ महाभूत मर्दैन। आकाशमा जुन कि समान भौतिक पदार्थ छ त्यसैमा सम्मिलित हुन्छ। फेरी त्यो चार महाभूतको पुर्नमिलन भयो भने पुनर्भव हुन्छ। त्यसैले बुद्धले भन्नुभएको थियो जन्मलिने चीजबारे 'न च सो न च अञ्ञो' त्यो पनि होइन अरू पनि होइन।

Downloaded from http://www.dhamma.digital

अर्थात पुनर्जन्म लिने आफू पनि होइन अरू पनि होइन। तर कालान्तरमा लेखिएको जातक कथामा बोधिसत्वको चरित्र देखाउँदै अब म बुद्ध भएको त्यही बोधिसत्व हो भन्ने कुरा स्पष्टरूपमा उल्लेख भएको पाइन्छ। पारमिता पूर्ण गरी एक प्रकारको शक्ति विशेष सांसारिक जीवनमा व्यवहारमा ल्याइएको देखिन्छ। के यो विचारले आत्मवाद झल्किन्छ ? जातक कथा अनुसार एउटै व्यक्ति पुनः पुनः जन्मलिई पारमिता धर्म सम्पूर्ण गरेको जस्तो देखिन्छ। जातक कथा त्रिपिटक बुद्ध वचन होइन। त्यो बौद्ध साहित्यको नाममा आत्मावाद प्रचार हो। तर जातक कथाबाट सिक्नुपर्ने आत्मवाद होइन। त्यसमा धेरै ऐतिहासिक तत्वहरू छन्। बोधिसत्वको चरित्रबाट धेरै पाठहरू सिक्न सकिन्छ। २५०० वर्ष अगाडिको सामाजिक चित्रण, व्यवहारिक कुशलता, व्यापारिक गतिविधि, राजनैतिक परिस्थिति र नैतिक शिक्षा जातक कथाबाट हामीले सिक्न सक्छौं।

जन्म कसरी लिन्छ ? बुद्धले भन्नुभएको छ—शरीर जन्म लिनलाई तीन वस्तुको एकीकरण हुनुपर्छ। स्त्री पुरुषको संसर्ग, स्त्री ऋतुमती हुनु, गन्धर्व (बीज) यथास्थानमा प्रवेश हुनु। यदि स्त्री ऋतुमती भएन भने तथा गन्धर्वको उपस्थिति रहेन भने गर्भ धारण हुँदैन। यसो विचार गरेर हेर्दाखेरि बुद्धको पुनर्जन्मवाद विज्ञानसित मिल्दो रहेछ। बुद्धको विचार अनुसार बच्चामा देखिने गुण दोषहरू आमा–बाबु र बाज्ये बराजुहरूको वंशानुगत र बाहिरको वातावरणको प्रभाव पनि हो।

फेरि बुद्ध भन्नुहुन्छ – पुनर्जन्म ठीक नदी जस्तो छ। उदाहरणको

Downloaded from http://www.dhamma.digital

लागि गंगा (बागमती) लाई लिन सकिन्छ। गंगा नदीलाई सधैं गंगा नै भन्छन् त्यसमा जुन पानि बगिरहन्छ त्यो त्यही पहिले बगेकै पानि होइन। हेर्दा त त्यो त्यही जस्तो देखिन्छ, वास्तवमा त्यो त्यही होइन। जीवनको प्रवाह पनि यस्तै बगिरहेको एउटा गति हो।

यसको अर्को उदाहरण जस्तो कि गाईबाट दूध दुहिन्छ, दूधबाट दही बन्दछ, दहीबाट घिउ-मही आदि बन्दछ। घिउ बनिसकेपछि त्यसलाई दही, दूधको नाम लिइन्दैन र अघिको अस्तित्व रहन्दैन। त्यस्तै जन्म लिइसकेपछि अघिको सम्बन्ध छुट्छ।

पुनर्जन्म बारे राजा मिलिन्दले नागसेन भिक्षुसित सोधेका थिए— भन्ते बिना आत्मा पुनर्जन्म सम्भव हुन्छ ?

नागसेन भिक्षुले उत्तर दिनुभयो— महाराज सम्भव छ।

'कसरी हुन सक्छ उदाहरणसहित सम्झाउनु होस्।'

राजन् ! यदि कसैले एउटा दीयो बालेको ठाउँमा अर्को बत्ति लगी त्यसबाट बालो दियो भने के त्यही बत्ति अर्कोमा सऱ्यो भन्ने ?

'त्यसो कहाँ भन्न सकिन्छ। निश्चय नै त्यो होइन।'

राजन् ! त्यस्तै बिना संसरणले पुनर्जन्म हुन्छ।

राजा मिलिन्दले भन्यो—'भन्ते, मलाई अरू पनि उदाहरण दिई सम्झाउनु होला।'

महाराज ! तपाईंलाई केही कविता आउँछ ? जुन कि बचपनमा गुरुजीबाट सिक्नु भएको थियो।

Downloaded from http://www.dhamma.digital

'हाँ मलाई कंठ आउँछ ।'

के त त्यो कविता तपाइँको गुरुज्यूको मुखबाट बाहिर आई तपाइँको मुखमा पस्यो कि ?

'अवश्य नै भित्र पसेको छैन । राजन, त्यस्तै विना आत्मा पुनर्जन्म हुन्छ ।

राजा मिलिन्दले —नागसेन, के आत्मा भन्ने केही वस्तु छ ?

नागसेन—सोच्चै विचार गरेर हेरूँ भने आत्मा भन्ने केही चिजै छैन ।

भन्ते नागसेन, एकदम राम्रोसँग सम्झाउनु भयो बुझेँ ।

प्रश्न उठ्न सक्छ के पुनर्जन्म हुँदैन भने मानिसले गरेको कुशल–अकुशल, पुण्य–पाप सबै मरेपछि 'अहोसि' लोप हुन्छ कि ?

बौद्ध हेतु फल (पटिच्च समुप्पाद) अनुसार दिनु पर्ने उत्तर त यो जीवनमा परेको कर्म अनुसार अर्को भव निर्माण हुन्छ । अकुशलको फल अशुभ हुन्छ, कुशलको फल शुभ हुन्छ । कर्मविपाक त मान्नै पर्दछ। खराब कामको नतीजा खराब हुन्छ । कर्मको माने काम र विपाकको अर्थ कर्मानुसारको नतीजा हो । अजातशत्रु देवदत्तको सत्संगले आफ्नो पितालाई मारिदियो । श्रोतापन्न हुन सक्ने संस्कार भएर पनि त्यसो हुन सकेन । अंगुलिमाल अनुशासनप्रिय मानव भएता पनि वातावरणले दानव जस्तो बन्नुपर्‍यो । तर हृदय परिवर्तनपछि अर्थात भगवान् बुद्धको सत्संगपछि दानवबाट फेरि शान्तिप्रिय मानव हुन सक्यो । चण्डाशोकबाट धर्माशोकमा परिणत भएको राजा अशोकको अकुशल र

Downloaded from http://www.dhamma.digital

कुशल कर्म अनुसार बनेको हो। अनि कसरी भन्ने कि मानिसको कुशल–अकुशल, पुण्य–पापको नतिजा केही हुँदैन। पुनर्जन्म नमानेपछि जे पाप गरे पनि हुन्छ भन्नु अनैतिकता र मूर्खता हो। समाजबाट अशान्त वातावरण हटाउनको निमित्त नै बुद्धले शील, समाधि र प्रज्ञाको विषयमा उपदेश दिनु भएको हो। न कि परलोकमा सुख भोग्ना निमित्त।

मेरो निम्ति पूनर्जन्म र आत्मा परमात्माको चर्चा गर्नु नै व्यर्थ हो। यी विषय लिएर विचार गऱ्यो भने मानिस बहुला हुन्छ। बरू नचाहिने कुरा नगर्नु, अर्काको निन्दा चर्चा नगर्नु र ईर्ष्या डाह गर्न छोड्नु पर्छ। ठग वृत्ति लिनु हुन्न।

हुनत पालि साहित्यमा आत्मा शब्द नपाएको होइन। 'अत्ताहि अत्तनो नाथो' अर्थात आफ्नो मालिक आफै हो। प्रायः व्यवहारमा सुन्न पाइन्छ र विशेष बौद्ध साहित्यमा आफूले आफूलाई चिन्नु भन्ने सदुपदेश पनि समुल्लेख भएको छ। यो लौकिक व्यवहारमा सजिलो पार्ना निमित्त प्रयोग गरेको हो न कि आत्मा छ भन्ने प्रमाण। हामीसित पञ्चइन्द्रिय छन्। आँखा, कान, नाक, जिब्रो र शरीर (चक्षु, श्रोत, घ्राण, जिह्वा र काय) आँखाले कुनै मानिसलाई देख्यो, उसको चालचलन हेऱ्यो। आँखा र रूपको मिलन भयो, अनि बिज्ञानको उत्पन्न भयो। विज्ञानले थाहापायो आइमाई, लोग्ने तथा राम्रो-नराम्रो, कालो-सेतो आदि। अर्काको चाल चलन हाउ भाउ देखेर भन्छन्— कस्तो खराब बानी र चाल। त्यही चाल आफूमा पनि छ तर आफूले आफ्नो गल्ति देख्तैन। त्यही हो आफूले आफूलाई चिन्दैन भनेको।

Downloaded from http://www.dhamma.digital

यदि साँच्चै नै आत्मा वा आफू भन्ने विशेष केही अलग चीज छ भने अन्धो भए पनि रूप देख्नु पर्ने। नर र नारी राम्रो नराम्रो त्यसै भन्नु सक्नु पर्ने। किन त्यस्तो भन्न नसकेको? किनकि आत्मा छैन। केही चीज देख्नलाई आँखा र विज्ञान चाहिन्छ। विना विज्ञान आँखाले मात्र काम चल्दैन।

अब फेरि प्रश्न उठ्छ विज्ञान के? चक्खुं च पटिच्च, रूपंच पटिच्च चक्खु विञ्ञाणं उप्पज्जति' आँखा र रूपको कारण जुन चक्षु विज्ञान (केही अनुभव) उत्पन्न हुन्छ। त्यस्तै श्रोत विज्ञान इत्यादि।

आत्मावादीहरूको भनाई अनुसार मोहन खाँदैछ भन्नुको अर्थ नै खाइरहेको आत्मा हो। बुद्धि र इन्द्रिय धारण गरिरहेको आत्मा भयो। मोहन अक्षर लेख्दैछ। अक्षर लेखिरहने को? मोहनले हातले लेखिरहेको? होइन, मोहनको बुद्धिले लेखिरहेको? होइन, वास्तवमा लेखिरहेको को त? मोहनको हात र बुद्धि हो कि? होइन। मोहनको आत्मा लेख्नेमा उसलाई सहयोग दिइरहेछ। मोहनको आत्मा मालिक भयो। आत्मावादीहरूको अनुसार कसैको मृत्यु भयो भने आत्मा अन्तै सर्छ। जसरी मानिसले पुरानो लुगा फ्याँकी नयाँ लुगा फेर्छ।

अब अनात्मवादी बुद्ध धर्मको दृष्टिकोणबाट एकचोटि विचार गरौं। हामी भनौं कि, मोहन अक्षर लेख्दैछ— यसोभन्दा मोहन के हो? अनात्मवाद अनुसार उत्तर यही हो कि रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान आदि स्कन्ध समूहलाई व्यवहार गर्न सजिलो पार्न हामीले उसलाई मोहन भन्छौं। वास्तवमा हामीसँग त्यस्तो केही चीज छैन

Downloaded from http://www.dhamma.digital

भएसले कि मोहन पत्ता लगाउन सकोँ । इन्द्रिय समूह मात्र हो, अरू केही चीज छैन । (भिक्षु आनन्द कौसल्यायनद्वारा लिखित "भिक्षुके पत्र" नामक पुस्तकबाट उद्धृत छ ।)

यी कुराहरूबाट तपाईंहरूले बुझ्नु भयो होला कि बुद्ध धर्मको पुनर्जन्म सिद्धान्त के र कस्तो छ । खराब चरित्रको मानिस, पछि असल चरित्रको मानिस बनिसकेपछि त्यो पनि एक प्रकारको पुनर्जन्म हो भनी बुद्धमतानुसार मानिन्छ ।

★

Downloaded from http://www.dhamma.digital

# पुस्तकपूजा

बुद्ध धर्मको देन धेरै छन् । ती देनमध्ये एउटा उल्लेखनीय स्वतन्त्र चिन्तन हो । मानव समाजको विकास निमित्त स्वतन्त्र चिन्तन परमावश्यक छ । मतलब कसैको कथनमा र पुस्तकमा लेखेको छ भन्दैमा त्यसै विश्वास नगर्ने । प्रश्न उठ्छ त्रिपिटकलाई मान्यता दिने कि नदिने ? त्रिपिटकमा पुनर्जन्म र पुर्वजन्मको कर्मफललाई मान्यता नदिएको पनि कुरा पाइन्छ र सबै कर्मफल भोग्नु पर्ने कुरा पनि पाइन्छ । अब कुनचाहिं सत्य मान्ने ?

यो महत्वपूर्ण प्रश्न हो र शंका हुनु पनि स्वाभाविक हो । यस्तै ठाउँमा स्वतन्त्र चिन्तनको सदुपयोग गर्न सिक्नु पर्छ ।

त्रिपिटक भन्ने गौतम बुद्ध र उहाँको शिष्य शिष्याहरूको उपदेश संग्रह हो जुनकि गौतम बुद्धको परिनिर्वाण भएर पाँचशय वर्ष पछि श्रीलंकामा लिपिवद्ध गरिएको थियो । पाँचशय वर्षसम्म परम्परागत मौखिकरूपमा कंठ गर्दै आएका थिए । यसमा के असम्भव छ कि पाँचशय वर्षभित्र यो पालि त्रिपिटकमा यस्तो पनि समावेश हुनगयो जुन कि अलि अस्वाभाविक कुरा रहन सक्छ र अबौद्ध मत पनि । मतलब अविश्वासनीय कुरो हुन सक्छ । विश्वास गर्ने र नगर्ने आफ्नो स्वतन्त्र चिन्तन र समझदारीको खेल हो । किनकि अशोक-कालीन घटनाबारे एउटा किताबै त्रिपिटकमा सम्मिलित भइसक्यो ।

Downloaded from http://www.dhamma.digital

अंगुत्तरनिकाय नामक ग्रन्थमा उल्लिखित कालाम सूत्रमा गौतम बुद्धले सिंहनाद गरी भन्नुभएको छ – सुनेको कुरामा विश्वास नगर। परम्पराको कुरामा पनि विश्वास नगर। धेरै मानिसले मानेका छन् भनेर सत्यासत्य नछुट्याई नमान्नू। केवल आफ्नो मतको धर्मग्रन्थमा छ भनी विश्वास नगर। तिम्रो धर्मगुरुले भनेको भनी शिरोपर नगर। तिमीले आफ्नो स्वतन्त्र बुद्धिले विचार गरी हेर, अनि तिम्रो विवेक बुद्धिले के देख्यो र बुझ्यो, केवल तिमी एक्लैलाई मात्र हित दृष्टिले हेर्ने होइन कि धेरै मानिसको हित हुने हो कि होइन। बहुजन कल्याणकारी हुने खालको भए मात्र विश्वास गर। अनि त्यसको लागि आफ्नो प्राणसम्म त्यागनलाई तयार होउ।

पछि तथागतले भन्नुभएको छ मैले भनेको भनी मेरो कुरामा पनि (एकै चोटि) विना समझी विश्वास नगर। मेरो भनाइलाई आफ्नो बुद्धिको कसीमा दाँजेर हेर।

तापाच्छेदाच्च निकषात् सुवर्णमिव पण्डितैः।
परीक्ष्य भिक्षवो ग्राह्य मद्वचोनतु गौरवात॥

अर्थात सुनारहरूले सुन परीक्षा गरेर हेर्ने झैं भिक्षुहरूले पनि मेरो वचनमा पनि परीक्षा गरेर मात्र गौरव मान गर्नुपर्छ।

यस्तो न्यायपूर्ण वाणी कुनै पनि महापुरुष धर्म आचार्यहरूतर्फबाट निस्केको छैन भन्नु अत्युक्ति हुँदैन। यस्तो भयरहित घोषणा गरेर बुद्धले मनुष्यवर्गलाई परम्परागत ग्रन्थ प्रामाण्यबाट मुक्त गरी दिनु भएको छ।

Downloaded from http://www.dhamma.digital

त्यसोभए के त ग्रन्थमा लेखेको केही पनि विश्वास नगर्ने? पुस्तकमा लेखेको कुनचाहिं सत्य र असत्य हो छुट्याउन निमित्त एउटा उदाहरण भदन्त आनन्द कौसल्यायनले लेख्नु भएको भिक्षुके पत्र पुस्तकबाट प्रस्तुत गर्दछु।

सम्झनु कि तिम्रो आमाले भात आदि खाना पकाएर दिनुभयो। तिमी खाना खान बस्यो। तिमीले भातमा बालुवा या कंकड देख्यौं भने अनि तिमी के गर्छौं? के तिम्री आमाले माया गरेर पकाएको भात भनेर आमाप्रति गौरव राखी कंकड पनि खाने कि? अथवा कंकड छ भनी थालीलाई फ्याँकी दिने? जहाँसम्म मलाई लाग्छ उक्त दुबै कुरो गर्दैनौं होला। तिमीले यत्ति मात्र गर्छौं कि देखाइदिएको कंकड वा बालुवालाई चुपचाप झिकी बाँकि भात खाइदिन्छौं। यस्तै त्रिपिटकमा पनि कंकड आउन सक्छ भनी पुस्तकबारे विचार गर्न सक्नु पर्छ। जुन कंकड वा बालुवा दाँतले टोक्यो वा चपायो भने चुपचाप झिकेर फाल्नु या थुक्नुपर्छ। बाँकी खाई दिनु पर्छ।

उक्त उदाहरणले माथि गौतम बुद्धले भन्नुभएको कुरो स्पष्ट हुन आउँछ। मुख्यतया स्वतन्त्र चिन्तनलाई मान्यता दिनु नै बुद्धको ठूलो देन हो भन्ने कुरामा कसैको पनि विभिन्न मत हुँदैन होला, आजको समयलाई ध्यानमा राखेर विचार गर्दा।

★

Downloaded from http://www.dhamma.digital

# अहिंसा र गौतम बुद्ध

अहिंसा शब्दको परिभाषा दिनु सजिलो काम होइन। पूंजीवादी अमेरिकाको विश्व शान्तिको प्रचार र समाजवादी गणतन्त्र चीनको विश्व शान्ति प्रचारको बीचमा जति अन्तर देखिन्छ त्यत्तिकै साम्प्रदायिक दृष्टिकोणको अहिंसा र गौतम बुद्धको दृष्टिकोणको अहिंसामा फरक छ।

साधारणतः मानिसहरूको मुखबाट गौतम बुद्धको या बुद्ध धर्मको नाम लियो भने 'अहिंसा परमो धर्म' निस्कन्छ। यो बुद्ध धर्मको वाक्य नै होइन। तर वास्तवमा गौतम बुद्धको दृष्टिकोणमा अहिंसाको अर्थ के हो यसको ज्ञान धेरै कम व्यक्तिलाई मात्र छ। अतः तपाईंहरू समक्ष अहिंसाको बारेमा गौतम बुद्धको विचार के हो ! मेरो ज्ञान अनुसार संक्षेपमा प्रस्तुत गर्दछु।

तथागतले जुन धर्म विश्वमा स्थापना गर्नु भएको थियो त्यो मानव धर्म हो। उहाँको धर्म बहुजन हितको निमित्त हो। बुद्धले सर्वजन हिताय भन्नु भएको भए अपराधी र देश द्रोहीहरूलाई पनि प्राण दण्ड दिन मिल्दैनथ्यो। हुनत, सिद्धान्ततः कुनै पनि बौद्धले कुनै प्रकारको जीव हिंसा गर्न सक्छ भन्न सकिन्दैन। बौद्ध सिद्धान्त अनुसार जीव हिंसा गर्नु हुँदैन, तर मासु खानमा कुनै रोक टोक छैन। चिनीया भिक्षुहरू बाहेक अरू सबै बौद्धहरू मासु खानुलाई हिंसा मान्दैनन्।

Downloaded from http://www.dhamma.digital

संस्कृत लंकावतार सूत्र अनुसार मासु खानु हिंसा हो। तर पाली आमगन्ध सूत्र अनुसार मासु खानु कुनै प्रकारका हिंसा हुँदैन।

गौतम बुद्धको मतानुसार तीन प्रकारको दोषले मुक्त मासु खानुमा आपत्ति छैन अर्थात पाप लाग्दैन। (१) अदिट्ठ, (२) असुत र (३) असंकित।

'अदिट्ठ' को अर्थ हो आफ्नो लागि भनी मारेको आफूले नदेखेको। 'असुत' को अर्थ हो आफ्नै निमित्त भनी मारेको आफूले नसुनेको। 'असंकित' को अर्थ हो आफ्नै निमित्त नै मारेको हो भन्ने शंका नउठेको। यसैलाई त्रिकोटी परिशुद्ध मांस भनिन्छ। यसप्रकारको मांस तत्कालीन र अहिले पनि सुलभ छ।

भिक्षा माग्न जाने र अर्काले दिएको खाई जीविका चलाउने भिक्षुलाई अर्काको घरमा के पकाएको छ, के पकाएको छैन केही थाहा हुँदैन। मासु पकाएको हो तापनि भिक्षुको लागि मारेर पकाएको हो भन्ने सम्भव छैन। शंका पनि छैन। त्यसैले संसारमा बसी रहने सबै बौद्धहरू मांसभक्षी हुन्। थेरवादी बौद्ध देश लंका, बर्मा थाइल्याण्ड, क्याम्बोडिया र लाओस आदि देशमा शतप्रतिशत बौद्ध भिक्षुहरू मांसभक्षी हुन्। चिनीया भिक्षुहरू र भियतनामी भिक्षुहरू बाहेक अरू सबै महायानी देशका भिक्षु लामाहरू मांसभक्षी हुन्।

हिंसा गर्नु हुँदैन, मासु खानु हुन्छ, यो कुरो नेपाली बौद्ध तथा हिन्दू र जैनहरूले बुझ्न सजिलो छैन। चिनी भिक्षुहरूले पनि बुझेका

Downloaded from http://www.dhamma.digital

छैनन् । हुनत ल्हासा र लद्दाख तथा मंगोलियाका लामाहरू, दलाइलामा पनि मांसभक्षी नै हुन् ।

बौद्ध सिद्धान्त अनुसार जबसम्म कुनै जीवलाई मानिसले जानाजानी मार्दैन तबसम्म उसलाई पाप लाग्दैन । उदाहरणको लागि जैन धर्म अनुसार यदि हामी हिंड्दा खुट्टाले कुल्चेर कुनै प्राणी मर्‍यो भने पाप लाग्छ । बुद्धको विचार अनुसार त्यस प्रकारको जीव हिंसालाई मानिन्दैन । किनकि हामीहरूले सोचेको पनि हुँदैनौं कि जीव हिंसा गरूँ या होला ।

गौतम बुद्धको विचार अनुसार तीन प्रकारका हिंसाहरू छन्— कायिक, वाचिक र मानसिक । शरीरद्वारा आघात गरेर हिंसा हुन्छ । वचनद्वारा हिंसा हुन्छ । जस्तो कि अर्काको मनमा आघात पुग्छ, त्यस्तो प्रकारको कुरालाई पनि बुद्धमतानुसार हिंसामा गनिन्छ ।

मनद्वारा पनि हिंसा हुन्छ जस्तो कि दुइजना घेरै मिल्नेहरूमा फुट पैदा गर्न अरूलाई हानी पुर्‍याउने विचार गर्नु तथा अर्काको जीवनमा कलंक लगाउनु आदि योजना बनाउनु पनि हिंसा नै हो ।

बुद्धको विचार अनुसार शोषण गर्नु र अर्कालाई धोखा दिनु, ठग्नु, दूधमा पानी मिसाउनु, नूनमा बालुवा मिलाउनु, चिनीमा पानी हाल्नु आदि जति प्रकारको व्यापारमा भ्रष्टाचार छन् ती सबै हिंसामा नै गनिन्छन् ।

मनुष्यघात जस्तो ठूलो पाप अरू छैन । कुनै भिक्षुले मनुष्यघात गर्‍यो भने त्यो सदाको लागि भिक्षुत्वबाट वञ्चित हुन्छ । उसलाई

Downloaded from http://www.dhamma.digital

पाराजिक भनिन्छ । तर अरू पशुपंछी मान्यो भने आपत्ति, पाचित्तिय आदि दोष मात्र हुन्छ । मनुष्यघातको पाप ठूलो हुन्छ । जीव हिंसाको सानु हुन्छ । तथागतले भन्नुभएको छ कि—मान्छे र पशुमा तुलना गरेर निर्णय गर ती दुइवटामा ज्यादै मूल्यवान कुन हो ? अरू जनावरकै बीचमा पनि तुलना गर गाई र कुकुर तथा माहुरी र झिंगा तथा लामखुट्टे । यिनीहरूमा तुलनात्मक विचार गन्यो भने क्रमशः मूल्य घट्दै आएका स्पष्ट हुन्छ । बुद्धले भन्नु भएको थियो जति मान्छे मार्नलाई सोच्नु पर्छ, डरलाग्छ, त्यति जनावर मार्नलाई सोच्नु र डरमान्नु पर्दैन । मनुष्यघात मान्छेप्रति मानिसहरूको भावना कस्तो हुन्छ । यो सबैले सोच्ने कुरो हो । उहाँले भन्नुभएको थियो -- मान्छेको टाउको र भैंसीको टाउको लिएर बिक्री गर्न जाउँ । मान्छेको टाउको कसैले पनि लिने छैन । उल्टो तिमीलाई ज्यानमारा भनेर गाली र घृणा गर्दछन् । त्यस्तालाई समाजमा ठाउँ रहँदैन, तर भैंसीको टाउको बिक्री गर्ने मान्छेले समाजमा ठाउँ पाउँछ । तर झिंगा र लामखुट्टे मार्नेलाई कसैले घृणा गर्दैन, किनकि लामखुट्टे र झिंगा मानव समाजको लागि कुनै पनि काम लाग्दैन उल्टो यी दुबै मानवका परमशत्रु हुन् । तथागतको यहाँसम्म भन्नुभएको छ कि —

यो च वस्स सतंजीवे दुस्सीलो असमाहितो
एकाहं जीवितं सेय्यो सीलवन्तस्स झायिनो ।

अर्थात दुश्शील र दुराचार भएर एकशय वर्ष बाँच्नुभन्दा सदाचार र भलादमी बनेर एकदिन बाँच्नु श्रेष्ठ छ । यसको मतलब

Downloaded from http://www.dhamma.digital

यो भयो कि भ्रष्टाचार र शोषक भएर मान्छे समाजमा बस्न र बाँच्न लायक छैन ।

जीव हिंसाको बारेमा केही वैज्ञानिकहरूको र गौतम बुद्धको बिचारमा अलि फरक देखिन्छ । केही वैज्ञानिकहरूले भनेका छन्— आजको युगमा सबै बुद्धिष्टहरूले चाहे मांसभक्षी होउन् चाहे शाकाहारी होउन् सबै हिंसा मर्नेमा गनिन्छन् । घाँस र रूखमा पनि जीव छ त्यसैले शाकाहारी पनि हिंसाबाट मुक्त छैन ।

गौतम बुद्ध रूख पात आदिमा जीव छ भन्ने मान्नु हुन्न, किनकि रूख र घाँसमा चेतना छैन । मानिस र जनावरमा चेतना छ । उनमा डर र भय छ दुःखको अनुभव हुन्छ तर रूख पात आदिमा त्यस प्रकारको चेतना हुँदैन । तथागत नदेखिने चीज र टाढाको विषयमा सोच्ने कुराको विरोधी हुनुहुन्छ । उहाँको विचार अनुसार औषधी खाएर कीरा मर्छ, संसार कसले निर्माण गर्‍यो आदि विषयमा सोच्न थाल्यो भने मानिस बहुला हुन्छ । आफ्नो दैनिक जीवनको समस्याबारे सोच्ने धेरै कुरा छन् । सबै चीजमा ठीक परिमाणमा सोच्नु पर्छ । बुद्ध धर्म मानव जीवनको प्रगतिलाई रोक्ने होइन । बहुजन हितायको लागि हो र मानव जीवनको उन्नतिको पथ प्रदर्शन समेत ।

★

Downloaded from http://www.dhamma.digital

# बौद्ध संस्कृति

संस्कृति विषय लिएर लेख्नु सजिलो काम होइन । विभिन्न थरिका विद्वानहरूको यस विषयमा विभिन्न थरिका विचार र परिभाषा छन्, तैपनि म आफ्नो ज्ञान अनुसार बुद्ध धर्मको आधारमा आफ्नो विचार व्यक्त गर्ने प्रयास गर्दछु ।

सर्वप्रथम 'संस्कृति' के चीजलाई भन्छन्, त्यसको जानकारीपछि बौद्ध संस्कृतितिर जानु जाति होला ।

'संस्कृति' को अर्थ साधारणरूपमा जातिय चालचलन र विचार-धारालाई लिइन्छ । कहिले पनि परिवर्तन नहुने, सधैं एउटै रूप लिई स्थायी भइरहने धर्म समूहलाई संस्कृति भनिन्दैन । हेतु प्रत्यय उपलब्ध हुने अनुसार परिवर्तन हुने उपकरण वस्तुलाई, मानवलाई दीनत्वबाट र दानवत्वबाट उच्चस्थानमा लैजानलाई नै संस्कृति भन्छन् । साधारणतः संस्कृतिमा शिष्टाचार, सभ्यता, नाट्य, संगीत, चित्रकला, शिल्पकला र दर्शन अन्तर्गत हुन्छ । तर जनजीवन सम्बन्धी हुनुपर्छ । जनजीवनसित परिवर्तन हुनु उसको लक्षण हो । बुद्धकालमा नाच, गाना आदिले जनजीवनलाई केही हित गरेन । त्यसैले बौद्ध संस्कृतिमा नाच, गानालाई स्थान दिइएको देखिएन ।

प्रत्येक मानिसले आ–आफ्नो संस्कृति रक्षा गर्नुको साथसाथै परिष्कृत गर्नु पनि कर्तव्य सम्झनु पर्छ । संस्कृति रक्षा गर्नेहरूले यी

Downloaded from http://www.dhamma.digital

विचार गर्नुपर्छ कि, हाम्रो 'संस्कृति' अरू देशको अगाडि राख्न सकिन्छ कि सकिन्दैन । यो संस्कृति हाम्रो जीवनलाई लायक छ कि छैन ? पहिलेदेखि फरक नभई आइरहेको हो कि परिवर्तन हुँदै आइरहेछ । यी कुराहरूतर्फ ध्यान नदिइकन केवल हाम्रो संस्कृति मात्र भनेर समय र परिस्थितिको कदर गरेन भने त्यो व्यक्ति र संस्कृति सभ्यलोकको हास्य स्थल हुन जान्छ । किनकि 'संस्कृति' शब्दले नै स्पष्टरूपमा स्वभावलाई व्यक्त गरेको छ । यसको एउटा विचित्र शक्ति यो हो कि धेरै वर्षदेखि परिवर्तन हुँदै आएता पनि 'त्यही हो' कहलाउने संस्कृतिको प्राण नै हो ।

आदिकालिन मानिसहरूतर्फ एकचोटि दृष्टि राखी हेर्‍यौं भने उनीहरूको संस्कृति जंगलमा बस्ने, काँचो मासु खाने, नांगै ठाउँ–ठाउँमा घुम्ने थियो । सबै मिलेर काम गर्ने र बाँडेर खाने तथा मेरो तेरो भावना थिएन । क्रमशः उनीहरूको विचार परिवर्तन हुँदै आयो । पहिले गरी आएको काम र मामलाई छोड्दै आए । मस्तिष्कलाई चुपचाप राखेन । फलस्वरूप लुगा लाउन थाले । जंगली जीवजन्तु र तुफान र घाम–पानीबाट बच्न चारैतिर छाना राखी तथा पर्खाल बनाई घर बनाउन थाले । पछि हुँदा हुँदै झ्याल पनि बनाउन थाले । क्रमशः मानव विचार विकसित हुँदै आयो । तँ र म, तेरो–मेरोको साथै म ठूलो हुँ भन्ने भावना पनि हुँदै आयो ।

हाम्रो नेपाली संस्कृतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धेरै परिवर्तन आएको देखिन्छ । तर नेपाली संस्कृति भन्नु पहिले र अहिले त्यही नै हो अर्थात नेपाली संस्कृति नै हो ।

Downloaded from http://www.dhamma.digital

१९९० सालको भुइँचालले नेपाली संस्कृतिलाई कतिसम्म परिवर्तन ल्याइदियो। कतिसम्म थिति रीति बदल्यो। २००७ साल पहिलेको नेपालको हालत के कसो थियो? अब आएर वर्तमान नेपालको ढांचा कस्तो छ? तैपनि नेपाली संस्कृति नेपाली संस्कृति नै बनिरह्यो। किनकि नेपालीहरूको हृदय नेपाली नै भैरहन्छ, न कि अर्को देशको अनुकरण।

बुद्ध जन्म (भूमि) नेपालमा भएता पनि बौद्ध धर्मको जन्म भारतमा भयो। अब त्यो संस्कृति त्यहाँ छैन। बौद्ध संस्कृतिको बिउ पनि रहेन भन्नु अत्युक्ति हुंदैन होला। (किनकि बुद्ध धर्ममा जातिभेद र अन्धविश्वासलाई स्थान छैन। त्यो अवगुण, दुर्गुण सबै भारतमा मौजूद छ।) त्यही हावा नेपालमा पनि लागेको छ भन्नुपऱ्यो। भगवान् बुद्ध परिनिर्वाण भई एकशय वर्षमा भिक्षुहरूको बीचमा भेद देखिन थाल्यो। दुइशय वर्ष पछि त्यो भेद १८ प्रकारका शाखा प्रशाखामा विभाजित भयो। यसबखत बौद्ध संस्कृतिको रूपरेखा विभिन्न ठाउँमा फैलिसकेको थियो। फलस्वरूप आ–आफ्नो विशेषता देखाउनुको साथै बौद्ध अस्तित्वलाई बिर्सि अरू वादको संमिश्रण देखिन थाल्यो। यतिसम्म संमिश्रण हुन थाल्यो कि बुद्धद्वारा खण्डित वैदिक यज्ञ होम, मन्त्रादि पुरोहित विचार–मनोवृत्तिले पुनः स्थान लिन शुरु गऱ्यो। जसको फलस्वरूप बौद्ध संस्कृतिको विशेषता नै लोप हुँदै गयो। (आज हामीकहाँ त्यही रूप देखा पर्न थालेको छ।) यता यस्तो दशा छ, उता योनकहरूको आक्रमणले गर्दा बौद्ध संस्कृतिको केन्द्र ध्वस्त भई पुरातत्वको रूपमा परिणत भइसकेको छ।

Downloaded from http://www.dhamma.digital

शाक्यमुनि बुद्धको परिनिर्वाण दुइशय अठाह्र वर्ष पछि फेरि एकचोटि धर्म र संस्कृतिको प्रभाव र प्रसार फैलेको थियो। सम्राट अशोक बौद्ध धर्ममा दीक्षित भएकोले उहाँले प्रत्येक बौद्ध तीर्थस्थल भ्रमण गर्नुभयो। जहाँ जहाँ आफू गयो त्यहाँ त्यहाँ सम्राट अशोकको चिन्हको रूपमा शिलास्तम्भ स्थापना गर्नुभयो जसले गर्दा पुरानो बौद्ध संस्कृति फेला पर्‍यो।

बौद्ध संस्कृतिमा सम्राट अशोकको देन धेरै छन्। बुद्ध धर्मलाई व्यवहारमा ल्याउनु भयो अर्थात राजा नै प्रजाका रक्षक हुन् भनी जनहित काम गर्नु नै बुद्धको शिक्षा हो भन्ने तथ्य स्वीकार गरी बाटोको निर्माण, बाटोको दुइतिर रूख लगाउनु, अस्पताल निर्माण र सिंचाइको लागि नहरको व्यवस्था तथा जनताको पीर मर्का पोखनको निमित्त दरवारको ढोका खुला गरिदिनु भयो।

सम्राट अशोक वास्तवमा व्यवहारिक बौद्ध राजा हुनुहुन्थ्या। उहाँले लंका, बर्मा, क्याम्बोडिया आदि देशमा बौद्ध संस्कृतिको प्रचार आफ्नो राम्रो व्यवहारले गर्नुभयो। अन्तर्राष्ट्रिय जगतमा बौद्ध संस्कृतिको प्रचारको श्रेय अशोकलाई नै छ।

चीन, जापान र मंगोलिया देशमा पनि हामीकहाँ जस्तै पछि उत्पन्न भएको अर्थात कनिष्क राजाको पालामा जन्मेको 'वैतुल्यवाद' अथवा महासंघिक नामले प्रख्यात भएको धर्मको प्रचार छ। आजको युगमा उपर्युक्त प्रकारले फैलिएको हरएक शाखा-प्रशाखालाई महायान नामले सम्बोधन गर्दछन्। चीन, जापान आदि बौद्ध देशमा र हाम्रो

Downloaded from http://www.dhamma.digital

नेपालको महायान बौद्ध संस्कृतिमा धेरै नै फरक देखिन्छ । एउटै रूखको हांगा भएर पनि हामीकहाँ मात्र अन्तर भएको छ, किन भने—वैदिक संस्कृतिको संमिश्रणले गर्दा ।

केही वर्ष अघि चीनमा जुन सांस्कृतिक क्रान्ति अभियान चलेछ यसले गर्दा 'संस्कृति' को झलक धेरै देखिन थाल्यो । संस्कृतिको अर्थ संकुचित नभई व्यापक हुन थाल्यो । चीनले सार्वजनिक जनजीवनसित सम्बन्ध नहुनेलाई सस्कृति मान्दैन । सार्वजनिक जीवन नै साधारण जीवन बनाउनु र मानव हृदयमा व्यापक रूपमा परिवर्तन ल्याउनु नै सांस्कृतिक क्रान्तिको लक्ष्य हो जस्तो लाग्छ । चीनको विचार अनुसार संस्कृति भनेको मनको अवस्था हो । व्यक्तिगत स्वार्थलाई संस्कृति मान्दैन । चीनमा सांस्कृतिक क्रान्ति पछि चटक मटक र विलासी जीवनलाई ठाउँ छैन । अलसी र निकम्मो जीवनलाई स्थान छैन । अश्लील चरित्र भ्रष्ट हुने खालका नाच, गान र सिनेमा छैनन् । तर आजको चीन कस्तो छ मलाई थाहा छैन ।

जे होस् संस्कृतिको रक्षा समयानुसार प्रगतिशीलतालाई अंगीकार गरी परिवर्तन हुनसकेको खण्डमा मात्र हुन सक्छ ।

★

Downloaded from http://www.dhamma.digital

# बौद्ध साहित्य र स्वास्थ्य सेवा

बौद्ध साहित्यमा स्वास्थ्य सेवालाई के कस्तो स्थान छ त्यो अध्ययन गर्नु पर्ने विषय हो। गौतम बुद्धले स्वाथ्य सेवालाई के सम्झनु भएको छ यसबारे केही कुरा उल्लेख गर्न प्रासङ्गिक ठान्दछु।

स्वास्थ्य यस्तो चीज हो जसको अभावमा जीवन कहिले सुखी हुन सक्तैन. चाहे मानिस लखपति किन नहोस्। अतः सबै प्राणीको लागि निरोगिता अत्यावश्यक छ। रोग निवारणार्थ वैद्य चाहिन्छ। अस्पताल चाहिन्छ; त्यस्तै औषधि पनि अत्यावश्यक छ। जहाँसम्म मलाई लाग्दछ डाक्टर र अस्पताल बढाउनु भन्दा रोग किन र कसरी हुन्छ, रोग कहाँबाट आउँछ भन्नेतिर ध्यान दिनु उचित र आवश्यक ठान्दछु। किनभने हाम्रो गल्ती र लापरवाहीले गर्दा हामी रोगका शिकार बन्छौं। विशेष क्षयरोग (टी० बी०) हैजा, बिफर आदि रोगको फैलावट हामीहरूको लापरवाहीले गर्दा नै भइरहेको छ।

हुनत पेटभर खाना नपाएर, ऋतु परिवर्तन, बस्ने ठाउँ नमिलेर, सज्जनहरूको सत्संग नपाएर तथा विचार नमिल्नेहरूसँग बस्नु, नराम्रो आर्थिक दशाले गर्दा पनि रोगको शिकार हुन सक्छ। जे होस् मानव समाजको लागि आरोग्य जस्तो ठूलो लाभ अरू केही चीज छैन। त्यसैले तथागतले भन्नु भएको— 'आरोग्य परमा लाभा' अर्थात रोगी नहुन नै ठूलो लाभ र सुख हो।

Downloaded from http://www.dhamma.digital

पाली त्रिपिटकमा स्वास्थ्य सम्बन्धी कुरोको सम्बन्धमा धेरै उल्लेख भएको छ। गौतम बुद्धले जन स्वास्थ्य रक्षाको निम्ति धेरै नियम बनाउनु भएको छ। त्यसैको आधारमा यहाँ केही अंश प्रस्तुत गर्दछु। मुख्य रूपमा रोग दुइ थरीका छन् –

(क) मानसिक र (ख) शारीरिक रोग। यी दुवै प्रकारका रोगको उपचार स्वरूप बौद्ध साहित्यमा धेरै उपायका मार्गहरू देखाएका छन्। मानसिक रोग पनि धेरै प्रकारका छन्। आजभोलि मानसिक रोगको लागि अलग्गै स्वास्थ्य केन्द्र बनिसक्यो, तर त्यस्तो खालको गुप्त मानसिक रोगको लागि डाक्टर र वैद्यहरूको प्रयत्न पूर्ण सफल हुन सकेको छैन जति हुनु पर्ने थियो।

बौद्ध साहित्य अनुसार मानसिक रोगको मूल कारण–– असन्तोष, आत्मग्लानि, अनावश्यक शंका, आशाको अतृप्ती र निराशको छाँयामा बाँचिरहनु अर्थात मनमा सधैं निराशाको भावना हुनु। हृदय सधैं स्वच्छ छ भने कहिले पनि मानसिक र शारीरिक रोगको शिकार बन्नु पर्दैन। यो तथागतको मात्र कथन होइन विश्वका ठूल–ठूला विद्वान-हरूको विचार पनि त्यस्तै छ।

मानसिक रोगको अरू पनि मुख्य कारणहरू छन्–––विषैली संगती, विषम वातावरण र गलत धारणा। मानसिक रोगबाट मुक्त हुनलाई केही उपायहरू सूत्र पिटकमा देखाएका छन्। ती उपायमध्ये 'आनापानसति' (आश्वास–प्रश्वास) प्राणायम भावनाक्रम पनि हो। यसको बारे धेरै के लेखुं। यहाँ म शारीरिक स्वास्थ्यको रक्षाविधि प्रस्तुत गर्न चाहन्छु।

Downloaded from http://www.dhamma.digital

# पानी

सधैं स्वस्थ रहनलाई सफा र स्वच्छ पानीको सेवन गर्नु परमावश्यक छ। खाने पानी सफाइका साथ राख्नको निमित्त साधन र तरिकाबारे पाली साहित्यमा उल्लेख भएको छ। गौतम बुद्धले भिक्षुहरूलाई नियम बनाउनु भएको छ कि सबै भिक्षुहरूले 'परिस्सावन' (पानी छान्ने कपडा) राख्नुपर्छ। 'अनुजानामि भिक्खवे परिस्सावनं' यो नियम केवल भिक्षुहरूलाई मात्र काम लाग्छ भन्ने ठान्नु हुन्न, परन्तु गृहस्थी, साधारण जनताहरूको लागि पनि अत्यन्त उपयोगी हुन्छ। हुनत जहाँ जनहित सरकार छ त्यहाँ फिल्टरको व्यवस्था भइसक्यो तथा पानीको मुहानमा फिल्टरको निर्माण भइसकेको छ। कुनै कुनै देशमा फिल्टर किन्नु त के कुरो खाने पानी पनि दुर्लभ हुने ठाउँ प्रसस्त छन्। बुद्ध वचनानुसार गरेको खण्डमा एउटा कपडाको टुकडा किने पुग्छ। पानी छान्नुलाई किन महँगो फिल्टर किन्नु ?

स्वास्थ्यको लागि पहिले खाने पानीको व्यवस्था गर्नुपर्छ। गाउँ–गाउँमा खाने पानीको व्यवस्था छैन, धमिलो पानी फोहर खोला–नालाको भरमा बाँच्नु पर्छ। कुनै कुनै गाउँत पोखरीको भरोसामा उभिरहेछन् जहाँ कि मानिसहरू त्यहीं नुहाइरहेछन्, कपडा धोइरहेका छन्, यस्तो दशामा मानिसको स्वास्थ्य कसरी सुधार हुन्छ ? शहरमा पाइपको व्यवस्था छ। त्यसमा पनि खियाले गर्दा फोहर मिसिएको धमिलो पानी आउने सम्भावना छ। अतः नगरवासीहरूले पनि 'परिस्सावन' (पानी छान्ने कपडा) राख्नु बेश छ।

Downloaded from http://www.dhamma.digital

भिक्षुहरूको विहारमा जसरी पानी राख्ने व्यवस्था र तरिका छ त्यो आज पनि अनुकरणीय र सराहनीय छ। दुई प्रकारका पानी छन —

(१) पानीय (२) परिभोजनीय। पानीय=खाने पानी, परिभोजनीय=जुन कि हात पाउँ धुन र सफा गर्नको निमित्त हुन्छ।

खानु-पिउनुबारे सम्यक्सम्बुद्धले विशेष ध्यान दिनु भएको थियो। बगिरहेको खोला-नाला र नदीतिर पनि भिक्षुहरूको ध्यान आकर्षित गर्नु भएको थियो। जहाँ पानी बगिरहन्छ त्यहाँ झाडा पिशाब गर्न र थुक्न मनाही छ।

## भाँडो प्रयोग गर्ने तरिका

अशिक्षित र अल्सी भएकोले बेवास्ता गरी जथाभावी भाँडो प्रयोगमा लाउँछौं, फलस्वरूप रोग फैलिन्छ र हामी पनि रोगको शिकार बन्छौं। क्षयरोग (टी० बी०) आदि वंशगत सरुवा रोग भाँडो र थाल यता उता हुन गएकाले हो। आ-आफ्नो पात्र वा थाल अलग अलग राख्ने भिक्षुहरूको लागि नियमै बनिसकेको छ। त्यसैले आफूलाई प्रयोगको निमित्त भिक्षुहरूलाई पात्र नभई नहुने भयो। भिक्षुहरूले पात्रमा खाइरहेका थिए र आज पनि बौद्ध देशमा यो प्रथा प्रचलित छँदैछ। दिनौं खाइसलेपछि मात्र धोएर घाममा सुकाउनु पर्ने नियम छ। पात्र घाममा सुकाएर तातेपछि विषैली पदार्थ निष्क्रिय हुन्छ।

Downloaded from http://www.dhamma.digital

महामानव बुद्धले भिक्षुहरूलाई पात्रबारे जुन नियम बनाउनु भएको थियो त्यो गृहस्थीहरूलाई पनि उपयोगी छ र अनुकरणीय तथा लाभदायक पनि । बिरामीहरूको भाँडो र थाल तथा बिछौनाहरू अलगै राख्नु जाती र कल्याणकर छ ।

शुरु शुरुमा भिक्षुहरूसित पात्र चीवर बाहेक अरू केही हुँदैनथ्यो । कालान्तरमा बौद्ध उपासकहरूको संख्याको साथै श्रद्धा पनि बढ्यो अनि के त ! विहार मन्दिरमा सरसामान सम्पत्तिको जमघट हुन थाल्यो । अतः सामान कसरी प्रयोगमा ल्याउनु भन्ने विनयनीति बढ्न थाल्यो ।

भिक्षुहरूको विहारमा गुरुप्रति शिष्यको कर्तव्यबारे जुन नियम बनाएको छ त्यो महावग्ग नामक ग्रन्थमा 'वत्थक्खन्धक' नामले प्रसिद्ध छ । त्यो नियम अनुसार दिनका दिन खाट बिछौना आदि सफा गर्नुपर्छ । भोजनोपरान्त तुरुन्तै भाँडो थाल सफा गर्नुपर्छ । यो कुरा महावग्गपाली विनयपिटकमा उल्लिखित छ । सोही ग्रन्थमा यो पनि उल्लेख छ कि सुत्ने कोठा सधैं झैं सफाइका साथ राख्नुपर्छ । यहाँसम्म नियम बनाएको छ कि आफू बस्ने ठाउँमा वा कोठामा धुलो र हिलो अथवा अन्य प्रकारका फोहर आदि देखेर सफा नगर्नु आपत्ति (दोष) हो । सबै भिक्षुहरूले विहारको बाहिर भित्र कुचो लगाउनु सफा गर्नु आदि शारीरिक परिश्रम गर्नु अनिवार्य हुन आयो । भनेको पनि छ –

वत्तं अपरि पुरेन्तो सीलं नपरि पूरति
असुद्धसीलो दुप्पञ्ञो दुक्खा नपरि मुच्चति ।

Downloaded from http://www.dhamma.digital

अर्थात—जुन भिक्षुले कुचो लगाउनु आदि परिश्रम गर्दैन उसको शील पुरा हुँदैन । त्यो अशुद्ध शील प्रज्ञाहीन भई दुःखबाट मुक्त हुन सक्तैन ।

यो पनि नियम बनाएको छ, कोठामा कुचो लगाउँदा खाने कुरामा धूलो नजाने उपाय गर्नुपर्छ । त्यति मात्र हो र ? डसना र तन्ना आदि कपडा टक्याउँदा अर्काको आँखामा धूलो नजाने गरी टक्टक्याउनु पर्छ । कुचो लगाउने ठाउँमा खाने पानी छ भने उसमा धूलो नजाने गरी बिर्को छोप्नु पर्छ । जहाँबाट हावा आइरहेछ उता हेरी कुचो लगाउनु हुँदैन । यी कुराहरू शहर बासिन्दाको निमित्त उपयोगी र मननशील छ । हाम्रो काठमाडौं जस्तो शहरमा झ्यालबाट कोपरा, जूठो पानी र धूलो फाल्दछन् । स्वास्थ्य रक्षाको लागि सफाई कतिसम्म महत्वपूर्ण र आवश्यक छ भन्ने कुरो माथि उल्लिखित कुराहरूबाट स्पष्ट हुन्छ ।

## धेरै खानु बेफाइदा

धेरै खानु शरीर स्वास्थ्यको निमित्त हानिकारक सिद्ध हुन्छ भन्ने सर्वसाधारण वैद्यहरूको भनाई र विचार हो । बौद्ध साहित्य अनुसार बढी मात्रामा खाना खानु केही लाभ छैन, हानि मात्र हुन्छ । गौतम बुद्धले भन्नु भएको छ—

'चत्तारो पंच आलोपे अभुत्वा उदकंपिवे ।'

Downloaded from http://www.dhamma.digital

अर्थात—चार पाँच गाँस खानु इच्छा भए पनि नखाई पानी खानु पर्छ। यसो गरे पेटलाई आराम हुन्छ। एकदम पेट भरी खानु शरीरलाई सुख हुँदैन। अटेस मटेस भएर राम्रोसंग बस्न पनि सकिदैन, सुते पनि असजिलो हुन्छ। खाएको अपच हुन्छ अल्सी पनि हुन्छ।

निरोगी जीवन हुनलाई शरीर सफा गरी राख्नु अत्यावश्यक छ। यसको महत्व बुद्धकालीन समाजले पनि महसूस गरेको थियो। यो कुरा पाली साहित्य अध्ययन गर्दाखेरी प्रष्ट हुन्छ। शरीरमा धूलो पऱ्यो भने, पसीना आयो भने, तथा कतै दूर प्रदेशबाट आउँदाखेरी नुहाउनलाई आज्ञा लिनु पर्ने नियम छ। यो कुरा विनय पिटकमा मध्यप्रदेश भिक्षुहरूको कथाबाट स्पष्ट हुन्छ।

नङ काट्नु आजको सफाइको एक अंग बनिसक्यो। नङ काट्नु २५०० वर्ष पहिले पनि सफाइको अंग मानिएको थियो। 'न भिक्खवे दीघा नघा धारे तब्बा, यो धारेय्य आपत्ति दुक्कटस्स' भिक्षुहरू नङ लामो गरी पाल्नु हुँदैन, राखेको खण्डमा दुष्कृत आपत्ति दोष हुन्छ। यो शिक्षा भिक्षुहरूको लागि बनाएको नियम हो। यो नियम किन ? नङ लामो गरी राख्नु अशोभनीय मात्र नभई नङको भित्र मैलो तासी रहन्छ, त्यसले गर्दा भात खाने बेलामा नङमा रहेको मैलो पनि भातसँगै मिश्रित हुन्छ। यति मात्र होइन कान सफा गर्नु पर्ने नियम पनि बुद्धले बनाउनु भएको थियो। बेलाबखतमा कान सफा गरेन भने कानको रोग हुन्छ, कान चिलाउँछ, अनि दुखनथाल्छ। दाँत सफा गर्नु पर्ने पनि नियम छ। यी सबै नियम विनयपिटकमा विद्यमान छन्।

Downloaded from http://www.dhamma.digital

संसारको धेरै भागमा जनतालाई स्वास्थ्यकर उचित खानाको के कुरो, पेटभरी खाना नपाएर भोकको रोगले पीडित भइरहेका छन् । त्यसैले बुद्धले भन्नुभएको थियो—'जिघच्छापरमा रोगा' भोक सबैभन्दा ठूलो रोग हो । संसारको सबैभन्दा ठूलो समस्या के हो भन्ने प्रश्नको उत्तर वहाँले दिनुभयो —'सब्बसत्ता आहारट्ठितिका'—सबै प्राणी आहारमा निर्भर छन् अर्थात ठूलो प्रश्न खाद्य हो ।

बुद्धको वचनानुसार स्वास्थ्य रक्षाको लागि तीन चीज आवश्यक छ—

(१) उचित आहार (पोष्य खाद्य) ।

(२) उचित औषधि ।

(३) स्नेही सेवक ।

यी कुरा अंगुत्तरनिकायमा उल्लिखित छ ।

दरिद्रताको कारणले उचित आहार, उपचार र औषधि किन्न नसकेर तथा वैद्यलाई पैसा दिन नसकेर धेरै मानिसहरू गौतम बुद्धको शरण जान परेको थियो । भिक्षु भिक्षुणी बनिसकेपछि आहार र औषधि आदिको व्यवस्था निशुल्क उपलब्ध हुन्थ्यो । राजा बिम्बिसारको नीजी दरबारी वैद्य जीवक नाउँको थियो । राजा बिम्बिसारको हुकुम हो भिक्षुहरूलाई निशुल्क उपचार गर्नु । अरू साधारण जनताको लागि जीवक भेट्नु देवता भेट्नु बराबर थियो । जीवक नामी वैद्य थियो । तर राजा बिम्बिसारको आज्ञाविना जीवक वैद्यले कसैलाई औषधोपचार गर्नु सक्तैनथे । भिक्षुहरूलाई मात्र स्वतन्त्रपूर्वक उपचार गरिरहेका

Downloaded from http://www.dhamma.digital

थिए। त्यसैले धेरै गरीबहरूलाई स्वास्थ्य लाभार्थ भिक्षु बन्न सजिलो उपाय थियो, श्रद्धाले भिक्षु बनेको होइन। जब रोग शान्त हुन्छ अनि फेरि चीवर (पहेंलो वस्त्र) छाडी गृहस्थ बन्थे। यसको बारे विस्तृत-रूपमा जान्न चाहेमा विनयपिटकको पाना पल्टाउन कष्ट गर्नु होला।

कुनै कुनै भिक्षुहरूलाई उचित आहार उपलब्ध भएता पनि सेवा टहल गर्नेहरू उपलब्ध थिएनन्। सेवा गर्नेहरू नभएकोले दुःखी र पीडित हुनु भएको पालि साहित्यमा उल्लेख छ। अहिले पनि त्यस्तै हालत छ।

एकदिनको कुरो हो। गौतम बुद्ध भिक्षुहरूको हेरविचार गर्न विहारमा जानु भएको थियो। एकजना भिक्षु रोग ग्रस्त भई मल–मूत्रमा नै छटपटाइरहेको देख्नुभयो। अनि तथागत साँच्चैको करुणामय बनी त्यो बिरामी भिक्षुको आफैंले सेवा गर्नुभयो। तातो पानीले शरीर सफा गरिकन नुहाई रोगीको सेवा गरेर अरूलाई पनि बाटो देखाउनु भयो। यसकोबारे महावग्ग पालि ग्रन्थमा विस्तृत वर्णन पाइन्छ। त्यसबेलामा वहाँले भिक्षुहरूलाई सम्बोधन गरेर भन्नुभयो 'यो गिलानं उपट्ठाति सोमं उपट्ठाति' अर्थात जसले रोगीको सेवा गर्छ उसले मेरो (बुद्धको) सेवा गरेको हुन्छ।

Downloaded from http://www.dhamma.digital

# परित्राण र उपलब्धि

परित्राण संस्कृत शब्द हो । पालिमा परित्त भनिन्छ । 'परि' पुब्बता पालन धातुले उत्पन्न परित्त शब्द हो । अर्को तरिकाबाट भन्नु हो भने "परि समन्ततो सत्तानं भयं उपद्रवं तायति रक्खतीति परित्त" अर्थात चारैतिरबाट आउने भय उपद्रवलाई रोकी आरक्षा गरिदिने भएकोले यो पालि सूत्र समूहलाई परित्राण भनिन्छ । यसको मतलब यसलाई मन्त्र सम्झनु गलत हुनेछ । यो त हो मैत्री, हृदय पवित्रता र सत्यको शक्तिको महिमा ।

बुद्ध धर्म सम्यक्‌दृष्टि प्रधान धर्म हो । सन्दृष्टिक, यसै जन्ममा फल पाउने धर्म हो । अन्धविश्वास धर्म होइन । आदिकालदेखि चली आएको परम्परागत विश्वास र कुसंस्कारबाट मुक्त हुन नसकेकाहरूको मन कमजोरी भइराखदछ । अतः मानसिक कमजोरी र मानसिक अशान्तिको लागि हरण गर्नुमा मन्त्र-तन्त्रले पनि मनोवैज्ञानिक तरिकाबाट मद्दत गर्छन् । परम्परादेखि चली आइरहेको संस्कार र विश्वास निकै बलियो हुन्छ । यसबाट मुक्त हुन सजिलो छैन । यो मानसिक कमजोरी हो ।

आलोचक र अन्वेषकहरूको विचार अनुसार मन्त्र-तन्त्रको विकल्पको रूपमा परित्राणको उत्पत्ति भएको हो । मैत्री र सत्यको

Downloaded from http://www.dhamma.digital

बलमा या आडमा नै थेरवादी परम्परामा परित्राणको प्रचलन भएको राम्रो कुरो हो ।

परित्राणको शुरुवात पालि साहित्य अनुसार बुद्धको पालामा नै भएको थियो । वैशालीमा ठूलो दुर्भिक्ष भएको थियो । अनिकाल समयमा महामारी रोग फैलिएकोले हाहाकार मच्चिएको थियो । त्यस्तो अवस्थामा मानिसहरू मानसिक रूपले कमजोर हुनु स्वाभाविक थियो ।

धेरै मानिसहरूले पूजाआजा मात्र होइन मन्त्र–तन्त्र पनि गराउन थाले । संयोगवश कसै–कसैको रोग पनि निको भयो । बुद्धका अनुयायीहरूले पूजाआजा र मन्त्र तन्त्रले शान्ति स्वस्ति हुन्छ भन्ने विश्वास गर्दैनथे ।

अनि अबौद्धहरूले बुद्धमार्गीहरूलाई गिजाउन र होच्याउन थाले—तिमीहरू नास्तिक हौ, त्यसैले तिमीहरूको रोग निको भएन र शान्ति भएन । यस्तो कुरा सुनेर बौद्धहरूमा खुल्दुली मच्यो । मन कमजोर भएको बेलामा झन कमजोर हुन थाल्यो । धेरैजनाको मनमा आयो –"केही न केही उपाय त गर्नै पर्ला । समाजमा बस्नु पर्छ । एकोहोरो जीवन ... जे होस् भगवान् बुद्धकहाँ गएर अनुरोध गरूँ । वहाँ करूणावान हुनुहुन्छ । तन्त्र–मन्त्रको विकल्प अवश्य पाउँछौं । धेरै बुद्धमार्गीहरू त्यहाँ गए । प्रार्थना गरे—भो भगवान् ! हामीमा सारै आपत आइपरेको छ । रोग भयले सताइएका छौं । अरूहरूले पूजाआजा र मन्त्र–तन्त्र गरेर स्वस्ति पाएका छन् । हामीलाई पनि

Downloaded from http://www.dhamma.digital

केही न केही उपाय गरिदिनु होला । नत्र त समाजमा टिक्नु गाह्रो पर्ला । भो भगवान् ! कृपा गरी केही न केही विकल्प खोज्नु पऱ्यो र शान्ति स्वस्तिको वातावरण ल्याउन जाति होला ।

भगवान् बुद्ध जनआवाजको विरोध गर्नु हुन्नथ्यो । जनताको आवाज मानेर केही अहित हुँदैन भने, जनतालाई त्राण मिल्छ भने जनआवाज अनुरूप गरेर के आपत्ति ? केही न केही गर्नु पर्ने बाध्यता पनि आइपरेको थियो ।

भगवान् बुद्धले अधिष्ठान गर्नुभयो "मैले राजदरबार त्यागेर आएदेखि अहिलेसम्म अरूलाई कुभलो र अहित हुने कुनै कुरा र काम गरेको छैन । मनले पनि नराम्रो चिताएको छैन । बहुजन हिताय र बहुजन सुखाय मात्रको लागि मैत्रीपूर्वक कुरा र काम गरें, मनले पनि चिताएँ । यही सत्य वचनद्वारा जनताको रोग र भय उपद्रव शान्ति र स्वस्ति होस् ।" "एतेन सच्च वज्जेन सोत्थिते होतु सब्बदा" "एतेन सच्च वज्जेन सब्ब रोगो विनस्सतु । एतेन सच्च वज्जेन होतु ते जयमङ्गलं" यसप्रकारको रतन सूत्र पाठ गरी मङ्गल कामना गर्नुभयो । मङ्गल सूत्र, रतन सूत्र, करणीय मेत्त सूत्र कुनै मन्त्र होइन । मङ्गलमय उपदेश मात्र हो । यसले मानिसहरूको भय त्रस्त मनलाई शान्ति मिल्यो, शान्त्वना पायो ।

परित्राणको फल लाभको लागि केही अंग सम्पूर्ण हुनु पर्छ ।

(१) परित्राण पाठ गर्नेले शुद्ध गरी पाठ गर्नुपर्छ ।

(२) मुखले पढ्दै जाँदा अर्थ पनि बुझ्नुपर्छ ।

Downloaded from http://www.dhamma.digital

(३) श्रोतावर्ग प्रति मैत्री चित्त राखी पाठ गर्नुपर्छ ।

(४) परित्राण श्रवण गर्नेहरू पञ्चमहापापबाट मुक्त हुनुपर्छ ।

(५) राम्रो र नराम्रो कामको फलमा विश्वास हुनुपर्छ । अनैतिक काममा लागेको हुनु हुँदैन ।

(६) परित्राण प्रति विश्वास हुनुपर्छ ।

## महापरित्राण

भगवान् बुद्धको पालामा मण्डप बनाएर महापरित्राण गर्ने चलन थिएन । त्यसबेला परित्राण सूत्र पाठ गरिन्थ्यो । मण्डप बनाई महापरित्राण पाठ गर्ने चलन श्रीलंकामा शुरु भएको हो । त्यहींबाट महानायक अमृतानन्द महास्थविरले नेपालमा ल्याउनु भएको हो । बर्मा र थाईल्याण्डमा यो महापरित्राण पाठ गर्ने चलन छैन । परित्राण पाठ गर्ने चलन चाहिं सबै बौद्ध देशहरूमा छ । महापरित्राण बुद्ध धर्म अनुरूप छ छैन भन्ने चर्चातिर नलागौं । यसको उपयोगिता र उपलब्धितिर हेरौं ।

महापरित्राण महायज्ञको विकल्प हो । महायज्ञ गर्दाखेरि धेरै अन्न घिउ आदि नष्ट हुन्छ । त्यस्तो प्रकारको अन्न आदि नष्ट गर्ने यज्ञहरूको विकल्प स्वरूप महापरित्राणको विकास भएको हो । महापरित्राणमा तेलको बत्ति बाल्ने मात्र चलन छ । अन्न र धन अपेक्षाकृत थोरै मात्रै खर्च हुन्छन् ।

Downloaded from http://www.dhamma.digital

## परित्राण मनोवैज्ञानिक चिकित्सा

धेरै बिरामीहरूलाई औषधिले नछोएको देखिन्छ र सुनिन्छ। विशेषतः मानसिक रोगीहरूलाई त्यस्तो अवस्थामा कहिले कहिले यो परित्राण ठूलो औषधिको रूपमा उपयोगी हुन्छ। भूत र बोक्सी आदिको आवेश हुँदाखेरि परित्राण पाठ निकै लाभप्रद पाइएको छ।

एउटा घटना प्रस्तुत गर्नु अत्युक्ति नहोला। एक नवदम्पत्ति बेलायत पुगेछ। पश्चात्य सभ्यता देखेर नेपाली महिलाको मगज खर्‍यो। बेलायतका धेरै नामी चिकित्सकद्वारा उपचार गराए, तर असफल। काठमाडौं फर्केपछि कसैले सुझाव दियो कुनै विहारमा लगी परित्राण पाठ गराइयो भने बिरामीको मनस्थिति ठीक हुन्छ कि !?

त्यस्तो अवस्थामा जे भए पनि तयार हुने त्यो व्यक्तिले आफ्नो श्रीमती लिएर धर्मकीर्ति विहारमा गए। त्यहाँ अनगारिका गुरुमाहरूद्वारा सात दिनसम्म एक एक घण्टा परित्राण पाठ भयो। अनि बिरामीको मानसिक असन्तुलन ठीक भयो, निको भयो।

श्रीलंकाका एक क्रिश्चियन र एक मुस्लिम युवतीहरूलाई बोक्सीले सताए या बहुलाइन। यस्तैमा ३–४ वर्ष बितिसक्यो। उपचार सबै व्यर्थ ! दुबै अबौद्ध ! तर उपचारको लागि जे पनि गर्न तयार हुन्छन् मान्छेहरू। अनि उनीहरूले पञ्चशील ग्रहण गरी परित्राण पाठ ५ दिनसम्म श्रद्धापूर्वक सुनिन्। दुबै निको भए।

Downloaded from http://www.dhamma.digital

यस्ता परित्राणबाट चमत्कार भएका अन्य घटनाहरू पनि थुप्रै छन् । अनुभवबाट बोध हुने विषय हो । यो वास्तवमा बुद्धको सत्य र मैत्री युक्त वचनको प्रभाव यसमा अवश्यँ छ । स्वच्छ हृदय, मैत्री भावना र निर्मल चित्तद्वारा पाठ गरिने र श्रवण गरिने परित्राण त्यसैले असरदार हुने गर्छन् ।

★

Downloaded from http://www.dhamma.digital

# बुद्धको भिक्षुसंघ र प्रजातन्त्र

गौतम बुद्ध राजकुलमा जन्मे पनि प्रजातन्त्रको वातावरणमा हुर्कनु भएको थियो। कपिलवस्तु प्रजातन्त्रात्मक राज्य थियो। त्यसैले सिद्धार्थ गौतमले बुद्ध भइसकेपछि समाज सुधारको लागि प्रजातन्त्रात्मक भिक्षु संघको स्थापना गर्नुभएको थियो। कुनै पनि काम गर्न योजना तयार गर्नु पर्छ। त्यस्तै भगवान् बुद्धले पनि पहिले समाज सुधारको लागि नमूनाको रूपमा भिक्षुसंघ स्थापना गर्नुभयो। उक्त संघमा शुरु शुरुमा धेरै नियम र संविधान थिएन। एउटै उद्देश्य थियो बहुजन हिताय र बहुजन सुखायको काम गर्नु। यस्तो काम भन्ने किटान भएको थिएन तर भिक्षुहरूको मन शुद्ध हुनुपर्छ, सम्यक्‌दृष्टि हुनुपर्छ र चरित्र शुद्ध हुनुपर्छ साथै नैतिकता पनि पवित्र हुनुपर्छ। मानिसहरूलाई पनि निस्वार्थ हुने र मन पवित्र हुने सन्देश र शिक्षा दिनु सक्नुपर्छ।

केही नियम स्मरणीय छ कि भिक्षुहरूको जीवन पारिवारिक अथवा विवाहित हुनु हुँदैन। पारिवारिक जीवन हुँदैन भनेको परम्परागत धार्मिक जीवनको आधारमा होइन। समाज सेवामा लाग्नेहरू विवाहित भएमा तिनीहरूबाट पवित्रमय र सेवामूलक हुन सजिलो हुने छैन अर्थात निस्वार्थरूपले सेवा गर्न सक्तैन। खालि सेवा खानको लागि सेवा गरेको हुन्छ। हुनत निस्वार्थरूपमा समाज सेवा

Downloaded from http://www.dhamma.digital

गरेको खण्डमा मेवा त खान पाइन्छ नै तर आफ्नो स्वार्थ पूर्तिको लागि सेवा गर्न नहुने भिक्षु संघको नियमले भन्छ ।

भिक्षु संघका नियमहरू मध्ये एउटा उल्लेखनीय एवं स्मरणीय कुरा छ, त्यो के भने व्यक्तिगत सम्पत्ति राख्न र संग्रह गर्नु हुँदैन । लाभ भएका सबै वस्तु सामूहिक (सांघिक) हुनुपर्छ र चाहेको बेला संघको अनुमतिले लिन सकिन्छ । व्यक्तिगतरूपमा लाउने चीवर (वस्त्र) ३, भिक्षा पात्र १, धागो र सियो १, रौं खौरने छुरा १, पानी छान्ने कपडा १, कमरपेटी १, अरू सबै सांघिक र सामूहिक हुन्छ । बरुभाण्ड अर्थात बिछौना भाँडाकुंडा आदि सबै सामूहिक हुनुपर्छ, व्यक्तिगत हुनु हुँदैन । चाहेको खण्डमा संघको अनुमति लिएर आवश्यक भएको हो वा होइन जाँच गरेर वितरण गर्ने व्यवस्था छ ।

भिक्षु संघको सदस्य हुनको लागि संघमा प्रस्ताव राख्नु पर्ने छ । अनि संघ भेला हुन्छ । एकजना भिक्षुले प्रस्ताव राख्दछ— भन्ते भिक्षु संघ ! भिक्षुत्व प्राप्त गर्न इच्छुक एकजना उम्मेदवार छन् । संघको के विचार छ ? सबै सहमत छ छैन ? भनी सोधिन्छ । सहमत छ भने उपसम्पदा दीक्षा (भिक्षुत्व दीक्षा) दिनुहोस् ।

त्यसपछि त्यो व्यक्ति योग्य छ छैन, दोषमुक्त व्यक्ति हो होइन भनी परिक्षा गराउनु पर्ने व्यवस्था छ अथवा अलग लगेर उनीसँग प्रश्न सोधिन्छ । आमा–बाबुको अनुमति छ, छैन ? ऋणबाट मुक्त छ, छैन ? कसैको दास नभइ स्वतन्त्र व्यक्ति हो होइन ? सरुवा रोग नभएको हो ? शरीर अङ्गपूर्ण छ, छैन ? सिपाही नभएको हो ? नपुंसक होइन ?

Downloaded from http://www.dhamma.digital

इत्यादि दोषले मुक्त भएर पनि २० वर्ष भएको हुनुपर्छ । अनि मात्र उसलाई भिक्षु संघको सदस्य बनाई दिन्छ ।

## भिक्षु संघको प्रजातान्त्रिक लक्षण

भिक्षुसंघ प्रजातन्त्रात्मक विधान अनुसार रचना भएको देखिन्छ तर आजकलको पूंजीवादी प्रजातन्त्रसित धेरै फरक भएको प्रजातन्त्रको लक्षण भिक्षु संघमा समावेश भएको देखिन्छ । आजकालको प्रजातन्त्र राज्यको आवश्यक अङ्ग हो विरोधी पक्ष हुनुपर्छ भन्ने धारणा । भिक्षु संघमा विरोधी पक्षलाई ठाउँ छैन । विकास कार्यमा सबैको एउटै विचार हुनुपर्छ तर आलोचना गर्न भने पूर्ण अधिकार छन् । स्वतन्त्रता छ । आत्मालोचना गर्नु पर्ने चाहिँ नभै नहुने नियम छ । दुइ दुइ हप्तामा (पाक्षिक रूपमा) भिक्षु संघ भेला हुनु पर्ने नियम छ । भिक्षु संघ कर्मको लागि भेला भइसकेपछि सर्वप्रथम आपत्ति देशना (आत्मालोचना) हुन्छ । त्यसो भनेको एकजना भिक्षुले अरू भिक्षुको सम्मुख हात जोडी भन्दछ—"मैले यो यो आपत्ति भएको काम गरिसकें ।" त्यसपछि अर्को भिक्षुले भन्दछ तपाइंले दोषलाई राम्रोसँग देख्नु भई सतर्क हुनुपर्छ । फेरि गल्ति नदोहो-याई संयमित हुनुहोस् । यसरी दुई भिक्षुका बीच आपत्तिदेशना (आत्मालोचना) पछि संघको अरू काम शुरु हुन्छ ।

यसरी आत्मालोचना गर्ने बुद्धको भिक्षु संघमा भएको विशिष्ट प्रजातन्त्रको लक्षण हो । आजकालको प्रजातन्त्र वादमा यस्तो नियम छ

Downloaded from http://www.dhamma.digital

चलन देखिदैन । विरोधीदल भए पनि विरोधको लागि मात्र विरोध गर्ने परम्पराले देश विकासको लागि बाधा भइरहेको देखिन्छ ।

भिक्षु संघको अर्को विशेषता भनूं अथवा प्रजातन्त्र लक्षण संघका बीच विरोध नगरीकन निर्णय भइसकेपछि बाहिर गएर विरोधी कुरा गर्नु हुँदैन । कुनै प्रस्ताव राख्दा कसैलाई चित्त नबुझेमा केही भन्नु छ भने बोल्न संघको नियम छ । सबै मौन भई बसे भने सर्वसम्मतिबाट पारित भएको संझिन्छ ।

भिक्षु संघमा एकता नभई नहुने नियम छ । दुई दल भई बस्नु प्रजातन्त्रको लक्षण होइन । मिलेर काम गर्नु प्रजातन्त्रको लक्षण हो । कुनै घटना नघटीकन पहिले नै नियम बनाउन हुँदैन । आजकालको प्रजातन्त्रमा दुई दल बा बहुदल भइरहनु प्रजातन्त्रको लक्षण भनिन्छ ।

Dhamma.Digital

अर्को एक भिक्षु संघको प्रजातान्त्रिक लक्षण के रहेछ भने बहुमतले पास गरेको भन्दैमा समयोचित र व्यावहारिक नभएमा त्यसलाई मान्नैपर्छ भन्ने नियम छैन । उदाहरणको लागि एउटा घटना प्रस्तुत गर्छु ।

वैशालीका वज्जि भिक्षुहरूले दशवस्तुक (दशवटा नियमहरू) जस्तै कतै जाने बेलामा नून साथै लिएर जानु हुन्छ, मध्याह्नमा दुई अंगुलि छाया बढी पूर्व परे पनि (१२ बजे) पछि पनि खानु हुन्छ, दिउँसो मही पनि, मट्ठा पनि पिउनु हुन्छ, पैसा लिएर पनि हिंड्नु हुन्छ, इत्यादि नियमहरू बहुमतले पास गरिदियो ।

Downloaded from http://www.dhamma.digital

त्यसपछि अवन्तिका दक्षिणापथका भिक्षुहरू जो अल्पमतमा थिए तर सुशील थिए उनीहरूले त्यस प्रस्तावको विरोध गरेर भने कि ती नियम धर्म विरोधी भएका छन् । धर्म बिरोधी हो होइन जाँच्नको लागि तत्कालै एउटा कमिटी गठन गरियो । त्यस कमिटीले उक्त प्रस्ताव अधर्म हो भनी निर्णय गरिदियो । त्यो बहुमतले पास गरेको प्रस्तावित नियमहरू अस्वीकृत भए । ती प्रस्तावकहरू त्यस कुरामा असन्तुष्ट भई तिनीहरूबाट अलगिगएर महासांघिक निकाय बनाई बसेर पछि महायानी बने । अल्पमतकाहरू थेरवादी बनी कट्टरपन्थी भई अद्यापि एकरूपमा विद्यमान छन् । थेरवाद परम्परामा एकरूपता र मौलिक बुद्ध धर्मको रूपरेखा देखिन्छ । आजकालको प्रजातन्त्रमा समयोचित नभए पनि बहुमतले पारित गरेको कुरालाई मान्नुपर्छ भनिन्छ र मान्छन् । तर भिक्षु संघमा त्यस्तो किसिमको बहुमतलाई मान्नैपर्छ भन्ने नियम छैन ।

महापरिनिर्वाण सूत्र अनुसार भगवान् बुद्धले वैशालीका लिच्छवीहरूलाई देश पतन नहुने सातवटा कुरा भन्नुभएको थियो । तीमध्ये विकाशको कार्य गर्न सबै बरोबर भेला भई देश विकाशको बारेमा छलफल गर्ने निर्णय भए अनुसार सबै एक जूट भई कार्यान्वयन गर्ने, सबै उत्तरदायित्वपूर्ण भई बस्ने, सबैले कर्तव्यपरायण हुनुपर्छ । केही गरी कुनै काममा ढीला सुस्ती भयो भने जरौंचबूझ गरी सबै मिलेर कार्यान्वयन गर्नु पर्ने प्रावधान छ । लिच्छवी गणराज्यमा विरोधी दल थिएन । यो लक्षण आजको पूंजीवादी प्रजातन्त्र देशमा देखिंदैन ।

Downloaded from http://www.dhamma.digital

आजको भिक्षु संघमा पनि बुद्धकालीन भिक्षु संघको लक्षण देखिदैन । व्यक्तिगत सम्पत्ति राख्नु हुंदैन भन्ने सिद्धान्त मात्र बाकि छ, व्यवहारमा कतै देखिदैन । भिक्षुको व्यक्तित्व अनुसार संघको गतिविधि चलिरहेको छ ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## ( नेपाल भाषा )

| | |
|---|---|
| (१) बुद्धया ज्ञिनिगु विपाक | (२८) अनत्त लक्खण सुत्त |
| (२) अभिधर्म भाग–१, २ | (२९) वासेट्ठी थेरी |
| (४) मैत्री भावना | (३०) धम्म चक्कप्पवत्तन सुत्त |
| (५) ऋद्धि प्रातिहार्य | (३१) लक्ष्मी छो |
| (६) योह्म म्ह्याय् | (३२) महास्वप्न जातक |
| (७) पञ्चनीवरण | (३३) बाखँया फल भाग–१, २ |
| (८) बुद्ध धर्म, द्वि. सं. | (३५) जातक बाखं द्वि. सं. |
| (९) भावना | (३६) राहुलयात उपदेश |
| (१०) एकताया ताःचा | (३७) अहिंसाया विजय |
| (११) प्रेमं छु ज्वी ? | (३८) प्रौढ बौद्ध कक्षा |
| (१२) कर्तव्य | (३९) मूर्खंह्म पासा मज्यू |
| (१३) भिक्षा द्वि. सं. | (४०) बुद्धया अर्थनीति |
| (१४) बुद्धया अन्तिम यात्रा–१, २ | (४१) श्रमण नारद |
| (१६) त्रिरत्न गुण स्मरण तृ. सं. | (४२) क्षान्ति व मैत्री |
| (१७) परित्राण द्वि. सं. | (४३) उखानया बाखं पुचः |
| (१८) कर्म | (४४) पालि भाषा अवतरण |
| (१९) प्रार्थना संग्रह द्वि. सं. | (४५) मसि भिंसा गति भिनी |
| (२०) बाखं भाग–१, २, ३, ४, ५, ६ | (४६) बौद्ध ध्यान भाग–१, २ |
| (२६) बोधिसत्व | (४८) हृदय परिवर्तन |
| (२७) शाक्यमुनि बुद्ध | (४९) ह्मापांयाह्म गुब खु ? द्वि. |

Downloaded from http://www.dhamma.digital

(५०) अभिधर्म
(५१) सप्तरत्न धन
(५२) महासति पट्ठान सूत्र
(५३) शान्तिया त्वा:थ
(५४) चरित्र पुचः भाग–१, २
(५६) बुद्ध व शिक्षा (क)
(५७) बौद्ध ध्यान
(५८) किसा गौतमी
(५९) जप पाठ व ध्यान
(६०) लुम्बिनी विपस्सना
(६१) विश्व धर्म प्रचार देशना–१, २
(६३) योगीया चिट्ठी
(६४) जातक माला भाग–१, २
(६६) संक्षिप्त भावना
(६७) महानारद जातक
(६८) पालि प्रवेश भाग–१, २
(७०) चमत्कार
(७१) मणिचूड जातक
(७२) महाजनक जातक
(७३) गृही–विनय तृ. सं.
(७४) बुद्ध व शिक्षा (ख)
(७५) बुद्ध–जीवनी
(७६) सर्वज्ञ–१, २
(७८) धम्मपद कविता
(७९) धर्म मसीनि
(८०) दान
(८१) तेमिय जातक
(८२) वम्मिक सुत्त
(८३) मध्यम मार्ग
(८४) महासीहनादसुत्तं
(८५) भिम्ह म्हाय् व काय्
(८६) भिक्षु जीवन
(८७) भिम्ह मचा
(८८) विवेक–बुद्धि
(८९) स्वास्थ्य लाभ
(९०) शिक्षा १, २, ३, ४
(९४) दृष्टि व तृष्णा
(९५) विपस्सना ध्यान
(९६) मंगः लाइह्म लाखे
(९७) सतिपट्ठानभावना
(९८) गौतम बुद्ध
(९९) धम्मपद व्याख्या भाग–१
(१००) धम्मपदया बाखं
(१०१) त्रिरत्न वन्दना व सूत्र पुचः
(१०२) त्रिरत्न वन्दना व पञ्चशील

---

मुद्रक– नेपाल प्रेस, शुक्रपथ, काठमाडौं । फोन– २२ १० ३२

Downloaded from http://www.dhamma.digital